# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३२० | काठमाडौं | मंगलबार, ७ चैत २०७९ | Prabhab National Daily | Tuesday, March 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


राहदानी दुरूपयोग प्रकरण

## लामिछानेलाई उन्मुक्ति

### महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने



■ प्रभाव संवाददाता

**काठमाडौं–** राहदानी दुरूपयोग प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले उन्मुक्ति पाउने भएका छन् । सरकारले उनीमाथि राहदानी दुरूपयोगसम्बन्धी मुद्दा नचलाउने भएको हो ।

महान्यायाधिवक्ता दीनमणि पोखरेलले लामिछानेमाथि राहदानी दुरूपयोगसम्बन्धी मुद्दा नचलाउने निर्णय गरेका छन् । जिल्ला सरकारी वकिल कार्यालय हुँदै उच्च सरकारी वकिलको कार्यालयबाट आएको प्रतिवेदन र महान्यायाधिवक्ता कार्यालयको टिप्पणीका आधारमा महान्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गरेको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सञ्जीवराज रेग्मीले जानकारी दिए ।

महान्यायाधिवक्ताको उक्त निर्णयपछि पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेविरुद्ध सरकारी निकायले मुद्दा चलाउने छैन । राहदानी दुरूपयोगसम्बन्धी अनुसन्धानको फाइल महान्यायाधिवक्ता कार्यालयमा आइतबार पुगेको थियो ।

नेपाल प्रहरीको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा फाइल पेस भएको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले (बाँकी पृष्ठ २ मा)

## प्रधानमन्त्रीले पाए विश्वासको मत

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले फेरि विश्वासको मत पाएका छन् । प्रतिनिधिसभामा सोमबार भएको मत विभाजनको क्रममा उनले १७२ जना सांसदबाट विश्वासको मत पाएका हुन् । सोमबार संसद्मा २६२ जना सांसद उपस्थित थिए । जसमध्ये ८९ जनाले विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मतदान गरे । ती सांसदहरू नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का हुन् । एक जना सांसद भने 'तटस्थ' बसे ।

प्रतिनिधिसभामा दोस्रोपटक विश्वासको मत पाएसँगै दाहाल नेतृत्वको सरकार जोगिएको छ । दाहालले संविधानको धारा ७६ को उपधारा (४) अनुसार प्रतिनिधिसभामा विश्वासको मत लिएका हुन् ।

१३ फागुनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र १७ फागुनमा नेकपा एमालेले दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री दाहालले विश्वासको मत लिनुपरेको हो । विश्वासको मत लिनैपर्ने बाध्यताकाबीच उनले संसद्मा विश्वासका मतका लागि प्रस्ताव पेस गरेका थिए ।

प्रधानमन्त्री दाहालले नेपाली कांग्रेस, दाहालकै दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र जनमत पार्टीका सांसदहरूबाट विश्वासको मत पाए । यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा), राष्ट्रिय जनमोर्चा तथा आम जनता पार्टीका सांसदबाट पनि उनले विश्वासको मत पाए । दाहाललाई विश्वासको मत दिने दलहरू गठबन्धनमै छन् । स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले पनि दाहाललाई विश्वासको मत दिएका छन् ।

यसपटक ७९ सांसद रहेको नेकपा एमाले र १४ जना सांसद रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीसँगै एक जना सांसद रहेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले भने मत दिएनन् । सोही कारण पहिलो पटकको तुलनामा यसपटक प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने सांसद घटेका छन् । यसअघि २६ पुसमा दाहालले २६८ जना सांसदबाट विश्वासको मत पाएका थिए । त्यसबेला नेमकिपा सांसद प्रेम सुवाल र जनमोर्चा सांसद चित्रबहादुर केसीले विश्वासको मत दिएका थिएनन् । सोमबार भने केसीले मत दिए ।

प्रधानमन्त्री दाहालले आइतबार शतप्रतिशत विश्वासको मत पाउने दाबी गरेका थिए । सो क्रममा उनले राष्ट्रिय सहमतिका लागि विश्वासको मत दिन आग्रह गरेका थिए । 'एकथरी अराजक तत्त्वहरूले आ–आफ्ना गुफाबाट निस्केर नयाँ समस्या पैदा गर्ने प्रयास गरिरहेका छन्,' दाहालले संसद्मा भने, 'सिंगो संसद् र विशेषगरी एमाले र राप्रपालाई पनि आफ्नो निर्णयमा पुनःविचार गर्न र राष्ट्रिय सहमतिका लागि सरकारलाई विश्वासको मत दिन (बाँकी पृष्ठ २ मा)



- १७२ सांसदबाट पाए विश्वासको मत
- अघिल्लोपटकभन्दा ९६ सांसद कम
- एमाले र राप्रपाका ८९ सांसदको मत विपक्षमा
- एक सांसद तटस्थ

### एमालेलाई एक्ल्याउने काम भयो : उपाध्यक्ष पौडेल

**काठमाडौं (प्रस)–** नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय सहमतिको सरकार बनाउने नाममा एमालेलाई एक्ल्याउने काम गरेको आरोप लगाएका छन् । एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले प्रधानमन्त्री दाहालद्वारा प्रस्तुत विश्वासको मत लिने प्रस्तावसम्बन्धी छलफलमा बोल्दै यस्तो आरोप लगाएका हुन् । उनले एमालेबिना कसरी राष्ट्रिय सहमतिको सरकार बन्यो भनी प्रधानमन्त्री दाहाललाई प्रश्न गरे ।

उनले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने आधार र कारण एमालेले नदेखेको बताएका थिए । प्रतिनिधिसभाको निर्वाचनपछि एमाले राष्ट्रिय सहमतिका पक्षमा रहेको तर अहिले एमालेलाई मात्र एक्ल्याइएको भन्दै उपाध्यक्ष पौडेलले एमालेविनाको कस्तो राष्ट्रिय सहमति खोजिएको हो भनी प्रश्न उठाएका हुन् ।

'राष्ट्रिय सहमतिका नाममा एमालेलाई एक्लो बनाउने, किनारा गराउने, सत्रुता र कटुताको परिस्थिति निम्त्याएर राष्ट्रलाई द्वन्द्वतर्फ धकेल्ने काम गरिएको छ,' पौडेलले भने । उनले स्थिरताका नाममा अहिले भइरहेका अभ्यासले राजनीतिक स्थिरता होइन, अस्थिरता हुने खतरा देखिएको बताए । मुलुकको अर्थतन्त्रका बारेमा प्रधानमन्त्रीले राखेको अभिव्यक्तिबीच मेल नखाएको बताउँदै पूर्वअर्थमन्त्री पौडेलले विभिन्न कारणबाट मात्रै विदेशी मुद्राको सञ्चिति सकारात्मक हुन पुगेको दाबी (बाँकी पृष्ठ २ मा)

## तनहुँ–१ र बारा–२ मा १० वैशाखमै उपनिर्वाचन

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले तनहुँ–१ र बारा–२ मा पनि आगामी १० वैशाखमा उपनिर्वाचन गर्ने भएको छ । आयोगको सोमबार बसेको बैठकले रिक्त रहेको उक्त दुई क्षेत्रमा १० वैशाखमै उपनिर्वाचन गर्ने निर्णय गरेको हो । यसअघि आयोगले १० वैशाखमा चितवन निर्वाचन–२ मा उपनिर्वाचन गर्ने निर्णय गरिसकेको छ ।

तनहुँ १ का सांसद रामचन्द्र पौडल २५ फागुनमा राष्ट्रपति र बारा–२ बाट निर्वाचित रामसहायप्रसाद यादव ३ चैतमा उपराष्ट्रपति निर्वाचित भएका थिए । चितवन–२ बाट निर्वाचित रास्वपा सभापति रवि लामिछानेले नागरिकता प्रकरणमा सांसद पद गुमाएपछि उपनिर्वाचन हुने तय भइसकेको थियो । नेपालको संविधानको धारा ६२ को उपधारा (६) र धारा ६७ को उपधारा (३) मा निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## विदेशमा रहेका श्रमिकको सूचीकरण गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगार तथा स्वरोजगारमा रहेका नेपाली श्रमिकहरूको सूचीकरण आरम्भ गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत रहेको सामाजिक सुरक्षा कोषले विदेशमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा योजनामा जोड्न सूचीकरण आरम्भ गर्न लागेको हो ।

कोषले भोलि बुधबार राजधानीमा एक कार्यक्रम आयोजना गर्दै विदेशमा रहेका रोजगार तथा स्वरोजगार नेपालीहरूको सूचीकरण आरम्भ गर्ने जनाएको छ । कार्यक्रमको उद्घाटन श्रम मन्त्रालयको जिम्मेवारीसमेत सम्हालिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले गर्ने कोषले जनाएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार स्थापित कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई समेत आबद्ध गराउँदै सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने उद्देश्यले सूचीकरण कार्यक्रम ल्याइएको जनाएको छ ।

वैदेशिक रोजगारी तथा स्वरोजगारीमा रहेका नेपालीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन बनेको कार्यविधि, २०७९ अनुसार औपचारिकरूपमा सूचीकरण आरम्भ गर्न लागिएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । 'कार्यविधि बनेको तीन महिनापछि कार्यान्वयनमा जाने व्यवस्था भएअनुसार बुधबारबाट सूचीकरणको कार्य सुरु हुनेछ,'




वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई आबद्ध गराउँदै सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने उद्देश्यले सूचीकरण कार्यक्रम ल्याइएको जानकारी

उनले भने, 'अब श्रमका लागि विदेश जाने प्रत्येक नेपालीले सुरक्षा कोषमा अनिवार्य आबद्धता जनाउनुपर्नेछ, अन्यथा श्रम स्वीकृति पाइने छैन ।' विदेशमा काम गर्ने नेपाली श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समावेश गर्ने उद्देश्यले काम गरिरहेको उल्लेख गर्दै प्रवक्ता पन्थीले सूचीकरण सुरु भएपश्चात् सामाजिक सुरक्षा योजनाबाट थुप्रै श्रमिक लाभान्वित हुने बताए ।

उनका अनुसार हाल विदेशमा रहेका श्रमिकहरूले सामाजिक सुरक्षा योजनामा आबद्ध हुन कोषको अनलाइन प्रणाली 'सोसिस'मार्फत आवेदन दिन सक्ने छन् । त्यस्तै नयाँ श्रम स्वीकृति लिएर विदेश जानेहरूका लागि अनिवार्य कोषमा आबद्ध हुनुपर्ने प्रावधान राखिएको छ । कोषमा आबद्ध भएको प्रमाणित भएपछि मात्रै वैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिने फेइम्स् प्रणाली विकास गरेको छ भने विदेशमा रहेर पनि कोषमा योगदान नगर्नेहरूलाई पुनः श्रम स्वीकृति लिने बेला अनिवार्य आबद्ध हुनुपर्ने कोषले जनाएको छ ।

विदेशमा रहेका श्रमिकहरूले कोषबाट प्राप्त सुविधा प्रयोजनका लागि पछिल्लो एक वर्षमा नौ महिना वैदेशिक रोजगारीमा रहेको हुनुपर्नेछ । वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगार गरिरहेका नेपालीहरूका लागि आइएलओ अभिसन्धि १०२ मा आधारित भएर योजना कार्यान्वयन गरिने कोषले जनाएको छ ।

## 'विद्युतीय हाजिरी सुरक्षित नराखे कारबाही'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई प्रशिक्षार्थीहरूको विद्युतीय हाजिरी सुरक्षित नराखे कारबाही गर्ने चेतावनी दिएको छ । विभागले वैदेशिक रोजगारीमा जान अभिमुखीकरण तालिम लिने प्रशिक्षार्थीहरूको हाजिरी विद्युतीय हाजिरी प्रणालीमा सुरक्षित नराखे तालिमप्रदायक संस्थाहरूलाई कारबाही गर्ने चेतावनी दिएको हो ।

विभागले आइतबार एक सूचना जारी गर्दै अधिकांश अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले प्रशिक्षार्थीहरूको विद्युतीय हाजिरी डिलिट भयो भन्ने र तथ्यांक उपलब्ध नगराउने गरेका कारण अबदेखि त्यस्तो कार्य नगर्न र विद्युतीय हाजिरी सुरक्षित राख्न निर्देशन दिएको छ ।

'अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को दफा ५ बमोजिम तालिम सञ्चालन गर्दा प्रशिक्षार्थीहरूको तालिम कक्षामा उपस्थिति र प्रस्थान समयको विद्युतीय हाजिरीको दैनिक अभिलेख राख्नुपर्छ । तालिम अवधि समाप्त भएपछि संयोजकबाट प्रमाणित गराइ अनलाइन माध्यमबाट सचिवालय र विभागमा पठाउनुपर्ने व्यवस्था छ । यस्तै तालिम प्रदायक संस्था विभागको वैदेशिक राजगारी सम्बन्धी सूचना व्यवस्थापन प्रणालीसँग आबद्ध भएको हुनुपर्छ,' विभागद्वारा जारी सूचनामा उल्लेख छ ।

यस्तो व्यवस्था हुँदाहुँदै तालिम प्रदायक संस्थाले विद्युतीय हाजिरीको दैनिक अभिलेख, विद्युतीय हाजिरी प्रणालीबाट दैनिकरूपमा हटाइने गरेको पाइएको विभागले जनाएको छ । तालिम लिएका कम्तीमा ३० दिनसम्म हाजिरीको 'व्याकअप' सुरक्षित राख्न विभागले सचेत गराएको छ । यसअघि पनि विभागले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई मापदण्डअनुरूप सञ्चालन नभएको र प्रशिक्षार्थीहरूको यकीन विवरण उपलब्ध नगराएको भन्दै कारबाही गर्ने चेतावनी दिएको थियो ।




# परम्परागत घोडेजात्रा पर्व आज मनाइँदै

**काठमाडौं (प्रस)–** परम्परागत घोडेजात्रा पर्व आज काठमाडौं उपत्यकामा मनाइँदै छ । यसै अवसरमा नेपाली सेनाले सैनिक मञ्च टुँडिखेलमा घोडेजात्रा कार्यक्रम गर्दै छ । उक्त कार्यक्रममा राष्ट्रपति एवं नेपाली सेनाका परमाधिपति रामचन्द्र पौडेलको उपस्थिति रहनेछ ।

त्यस अवसरमा सैनिक मञ्चमा विविध अश्वकलाले भरिपूर्ण रोचक कार्यक्रम गरी घोडेजात्रा समारोहको आयोजना गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ । समारोहमा अश्वकलाअन्तर्गत दुई चरणमा टांगन घोडा दौड, शो जम्प, झण्डोत्तोलन, ड्रिल राइड, घोडचढी आर्चरीलगायतका विविध रोमाञ्चक कलाहरू प्रदर्शन गरिने जनाइएको छ ।

घोडेजात्रा अत्यन्तै पुरानो अनि सामाजिक जात्राका रूपमा प्राचीनकालदेखि नै काठमाडौं उपत्यकामा मनाइँदै आएको परम्परा हो । परापूर्वकालमा गुरुमापा नामक दैत्यमाथिको विजयका रूपमा मनाइन्छ घोडेजात्रा मनाउने गरिँदै आएको छ ।

यहाँ दौडने घोडाको टापले त्यस दानवको आत्मालाई दबाउन मद्दत गर्नाका साथै जात्राले देशमा शुभमंगल ल्याउने विश्वास गरिन्छ । पाटनको एकल घोडेजात्रा लोकप्रिय जात्रा हो ।

वैदिक सनातन संस्कारमा सबैभन्दा पुण्य प्राप्त हुने महान् यज्ञ नै 'अश्वमेध यज्ञ' हो, जसमा सैयौंका संख्यामा घोडाहरूलाई स्वतन्त्र गरिन्छ र ती घोडाहरू जहाँ-जहाँसम्म पुग्दछन् त्यहाँ शान्ति, सौहार्द्रता र आनन्द रहने विश्वास गरिन्छ ।

सेनाले अत्यन्त बफादार अनि वेग समान कुद्न सक्ने घोडाको सम्मान अनि सहकार्यमा टुँडिखेलमा घोडेजात्रा मनाउँदै आएको छ । सो अवसरमा उपराष्ट्रपति, प्रधानमन्त्री, कामु प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, मन्त्रीहरू तथा विशिष्ट व्यक्तिहरूको सहभागिता हुने जनाएको छ ।

घोडेजात्रामा प्रयोग हुने ६६ वटा घोडामध्ये बग्गीका लागि १०, अश्वकलाका लागि ४६ र दौड विशेषका लागि पानी १० वटा घोडा रहेको निर्देशनालयले जानकारी दिएको छ ।

# स्वीकृति नलिने पात्रोलाई जरिवाना

**काठमाडौं–** नेपाल पञ्चांग निर्णायक विकास समितिको स्वीकृति नलिई प्रकाशन गरिने भित्तेपात्रो (क्यालेण्डर) र पात्रो (पञ्चांग) का सञ्चालकलाई १० हजारदेखि एक लाख रूपैयाँसम्म कारबाही गरिने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समितिको आन्तरिक दिग्दर्शन, २०७९ स्वीकृत गरी विधिसम्मतरूपमा प्रकाशन नहुने भित्तेपात्रो र पात्रोका सञ्चालकलाई कानुनी कारबाही गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरी नेपाल राज्यभरबाट प्रकाशन हुने पात्रो र भित्तेपात्रोको स्वीकृति दिने अधिकार समितिलाई दिएको थियो । गठन आदेश सरकारले २०७८ साउनमा नेपाल राजपत्रमा प्रकाशन गरेको थियो ।

समितिको स्वीकृति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अनुगमन गर्न मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव डा. सुरेश श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय केन्द्रीय अनुगमन समिति गठन गरिएको छ । समितिमा गृह मन्त्रालय, आन्तरिक व्यवस्था महाशाखाका उपसचिव भीमकान्त शर्मा, संस्कृति मन्त्रालयका उपसचिव पुण्यमाया गुरागाईं, समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेल र पञ्चांगकार मुरारीराज पाण्डे सदस्य रहेका छन् ।

समितिले आवश्यकताअनुसार उपसमिति पनि गठन गर्न सक्ने व्यवस्था दिग्दर्शनमा गरिएको छ । दिग्दर्शनमा विद्युतीय पात्रो र भित्तेपात्रोले पनि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । अनुगमनका क्रममा स्वीकृति नलिएको पाइएमा कानुनअनुसार विद्युतीय पात्रो र भित्तेपात्रोलाई पनि कारबाही गरिने समितिका कार्यकारी निर्देशक ढुंगेलले बताए ।

अनुगमन समितिले अनधिकृतरूपमा ७७ जिल्लाबाटै प्रकाशन हुने यसका लागि संस्कृति मन्त्रालयले गृह मन्त्रालयमार्फत ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई परिपत्र गर्ने तयारी गरेको छ । समितिमा हालसम्म आगामी वर्ष २०८० का लागि १५० भित्तेपात्रोले स्वीकृति लिएका छन् । हाल अनलाइनमार्फत स्वीकृति लिने भित्तेपात्रोको संख्या बढिरहेको कार्यकारी निर्देशक ढुंगेलले बताए । समितिको स्वीकृति लिएर १५ वटा पात्रो भने गत माघमै प्रकाशन भइसकेका छन् । *रासस*

# युट्युब च्यानलको अनुगमन गर्दै काउन्सिल

**काठमाडौं (प्रस)–** प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिताको चरम उल्लंघन गर्ने ३५ वटा युटचुब च्यानललाई विशेष अनुगमनमा राखिएको जनाएको छ । काउन्सिलको आचारसंहिता अनुगमन उपसमितिको सोमबारको बैठकले विशेष निगरानीमा राखिएका ती युटचुब च्यानलका विषयवस्तु, त्यसमाथि परेका उजुरी, स्वअनुगमनसमेत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय गरेको हो ।

काउन्सिलले कुनै मिडियाअन्तर्गत आबद्ध नभएका युटचुब च्यानललाई अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो) मा सिफारिस गर्ने र यस्ता च्यानलले सम्प्रेषण गरेका सामग्री र आकर्षित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे उल्लेख गरी कारबाहीका लागि युटचुब कम्पनीलाई अनुरोध गर्ने भएको छ ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको उपसमितिको बैठकले कतिपय युटचुब च्यानल प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे जानकारीसमेत नभएका, के गर्ने/नगर्ने भन्ने सामान्य ज्ञानसमेत नभएको देखिएको भन्दै व्यावसायिकरूपमा सञ्चालन हुन चाहने युटचुब च्यानल लक्षित एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, काउन्सिलका सदस्यहरू दीपक पाण्डे, दुर्गा भण्डारी पौडेल, ठाकुर बेलवासे, लालबाबु शेख, बार एसोसिएसनका तर्फबाट प्रतिनिधि महासचिव अञ्जिता खनाल, काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसाल र उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराको सहभागिता रहेको थियो ।

## तनहुँ–१...

पृष्ठ १ बाट जारी

पदमा बहाल रहको व्यक्ति राष्ट्रपति वा उपराष्ट्रपति पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुने व्यवस्था छ ।

यसरी रिक्त भएको दुवै क्षेत्रमा उपनिर्वाचन गर्ने निर्णय आयोगले गरेको हो । आयोगले यसअघि नै चैत १६ गते उपनिर्वाचन प्रयोजनका लागि आयोगबाट स्वीकृत अन्तिम मतदाता नामावली प्रकाशन गर्ने कार्यतालिका तय गरिसकेको छ । कार्यतालिका अनुसार चैत १८ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने, २० गते उम्मेदवारको मनोनयन दर्ता र २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिनेछ । उपनिर्वाचन भाग लिन चाहने राजनीतिक दलहरूलाई चैत ८ गतेदेखि चैत १२ गतेसम्म दल दर्ताको समय तोकिएको आयोगले जनाएको छ ।

## दाहाललाई...

पृष्ठ १ बाट जारी

आग्रह गर्दछु ।'

तर, २६ पुसमा जति दाहालले विश्वासको मत पाएनन् । तत्कालीन प्रमुख विपक्षी दल कांग्रेसले समेत विश्वासको मत दिएको थियो । अभूतपूर्व विश्वासको मत पाएकै कारण दाहालले राष्ट्रिय सहमतिको सरकार बनेको दाबी गरेका थिए । सोमबार भने १० पुसमा बनेको सत्ता गठबन्धन भत्काएर कांग्रेस, जसपा, नेकपा एस, लोसपा, जनमोर्चालगायत दल थप्दै दाहालले अर्कै गठबन्धन बनाएपछि रुष्ट एमालेले उनलाई विश्वासको मत दिनुपर्ने आधार नभएको जनाएको थियो । अध्यक्ष केपी शर्मा ओलीले दाहाललाई 'इमान बिर्सिने' नेताको संज्ञासमेत दिए । 'प्रचण्डकै कारण १० पुसको गठबन्धन टुटचो,' ओलीले संसद् बैठकअघि पार्टी संसदीय दलको बैठकमा भने, 'उनी इमानमा बस्नसक्ने नेता होइनन् ।'

संसद्मा कांग्रेस सभापति शेरबहादुर देउवाले भने राष्ट्रिय सरोकारका विषयमा सहमतिसाथ अघि बढ्न आग्रह गरे । त्यसकै लागि प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिइएको प्रस्ट पारे । 'संविधानमा जे-जस्ता राजनीतिक उपलब्धिहरू छन्, तिनलाई जोगाउनु र कार्यान्वयन गर्नु प्रमुख दायित्व हो । त्यसका लागि प्रचण्डजीलाई विश्वासको मत दिएका हौं,' उनले भने ।

संसद् बैठकमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले विश्वासको मत दिँदै वर्तमान गठबन्धन पाँच वर्ष टिक्ने बताए । त्यसो त यसअघि पनि गठबन्धनका नेताहरूले भनेका थिए- गठबन्धन पाँच वर्ष टिक्छ । तर, १० पुसमा नयाँ सरकार गठनको क्रममा भत्कियो । फेरि, सोही गठबन्धन राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनसँगै ब्युँतिएको छ । यस्तो बेला नेता नेपालले गठबन्धन पाँच वर्ष टिक्ने अभिव्यक्ति दिएका हुन् ।

### प्रतिपक्षी दल बढे

संसदीय प्रणालीमा प्रतिपक्षीको गहन भूमिका हुन्छ । सरकारलाई जनता र संसद्प्रति बढी जिम्मेवार बनाउन भूमिका हुने प्रतिपक्षी दलहरू अब एमाले, राप्रपा र नेमकिपा हुने छन् । यी दलका सांसदहरू प्रतिपक्षीय बेञ्चमा बस्न थालिसकेका छन् । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनले सत्तापक्ष र प्रतिपक्षमा बस्ने दलहरूको अदलबदल भएको हो । यसअघि १० पुसमा दाहाल नेतृत्वमै सरकार बन्दा कांग्रेस, नेकपा एस, लोसपा, जनमोर्चा र नेमकिपा सत्ताबाहिर थिए । तर, अहिले भने नेमकिपासँगै एमाले र राप्रपा पनि थपिएको हुन् ।

## एमालेलाई...

पृष्ठ १ बाट जारी

गरे । उनले भने, 'हाम्रो राजस्वले साधारण खर्च पनि धान्न नसक्ने अवस्था छ, पुँजीगत खर्चको अवस्था पनि त्यति उत्साहजनक देखिन्न, सरकार संसदीय अंकगणितमा केन्द्रित हुँदा धराशायी हुँदै गएको अर्थतन्त्र सुधार गर्नेतर्फ ध्यान केन्द्रित हुने संकेत देखिन्न ।'

## लामिछानेलाई...

पृष्ठ १ बाट जारी

उच्च सरकारी वकिलको कार्यालयमा मुद्दा नचल्ने निर्णय गर्दै फाइल पठाएको थियो ।

उक्त पार्टीका सभापति लामिछानेमाथि नेपाली र अमेरिकी राहदानी रहेको र दुईवटा राहदानी प्रयोग गरेको आरोप लागेको थियो । अमेरिकी राहदानी नबुझाई नेपाली राहदानी प्रयोग गरेको पाइएपछि विवाद भएर अनुसन्धान गरिएको थियो । महान्यायाधिवक्ताको उक्त निर्णयलाई सत्ता समीकरणसँग जोडेर हेरिएको छ । लामिछाने नेतृत्वको रास्वपाले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिएको थियो । प्रधानमन्त्रीलाई विश्वासको मत दिने सर्तमा मुद्दा नचलाउने निर्णय गरिएको हुनसक्ने टिप्पणी भइरहेको छ । यद्यपि, त्यो पुष्टि हुन सकेको छैन । लामिछानेलाई सत्ताको पहुँचका आधारमा उन्मुक्ति दिइएको भन्दै सामाजिक सञ्जालमा आलोचना भइरहेको छ ।

यसअघि लामिछाने दोहोरो नागरिकता प्रकरणमासमेत मुछिएका थिए । सर्वोच्च अदालतले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिक नभएको फैसला सुनाएको थियो । उक्त फैसलासँगै लामिछानेको सांसद र मन्त्री पद गुमेको थियो । त्यसलगत्तै उनले जिल्ला प्रशासन कार्यालयबाट प्रक्रिया पूरा गरी नेपाली नागरिकता लिइसकेका छन् ।


## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक सल्लेरी गा.वि.स. वडा नं.५ भई हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं.५ बस्ने सैव सि तामाङको बुहारी दावा तामाङको पत्नी(ना.नं. ३९८६/५८१ मिति २०५०/१०/०६ सोलुखुम्बु)को लाल माया मगर तामाङले मेरो पति दावा तामाङ मिति २०६५/०१/१५ मा घर छाडी हिडेको र हाल सम्म फर्की नआएको कोहि कसैको सर्म्पकमा समेत नरहेकोले दावा तामाङको सबै भन्दा नजिकको हकदार म १ जना पत्नी मात्र भएकोले दावा तामाङको नाममा रहेको तपशिल बमोजिमका जग्गा श्रेस्ता कायम नरहकोले सक्कल जग्गाधनी प्रमाण पूर्जालाई श्रेस्ता कायम गरी मेरो नाममा एकलौटी नामसारी पाउँ भनी निवेदन पेश गर्नु भएको हुँदा तपशील बमोजिमका जग्गाहरू कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए वा जग्गाधनी दावा तामाङ कोही कसैको सम्पर्कमा रहेको भएमा आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सवैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।**

**तपशील**

**निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | सल्लेरी | ५ | ८९५,९११,९२३ र ९५३ | ५६९०,१९४०,२६२० र २६६५ |

**इति संवत् २०७९ साल चैत्र महिना ०३ गते रोज ५ शुभम्......।**



## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

प्रदेश सोलुखुम्बु जिल्ला साविक जुभिङ गा.वि.स.वडा नं.७ भई हाल खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं.१ बस्ने कर्मा शेर्पाको नाति/न(ातिनी बुहारीहरू फुत्तर शेर्पा र सोना शेर्पाको छोरा/बुहारीहरू (ना.नं.४३/१३२२ मिति २०४५/०१/०४ सोलुखुम्बु) को दाकीमा शेर्पा, (ना.नं.३३२/१३३३ मिति २०४५/०१/०४ सोलुखुम्बु) को डिमा वाङछु शेर्पा, (ना.नं.२८८/७०९८/१३१८ मिति २०३६/०४/२७ सोलुखुम्बु) को फुगेल्जेन शेर्पा र (ना.नं.६७४/२५५/४२३ मिति २०४६/०१/२८ सोलुखुम्बु) को लाल कुमारी श्रेष्ठले हाम्रो बाजे/ससुरा कर्मा शेर्पाको मिति २०२०/०१/१२ मा मृत्यु भएको निजको एक मात्र पत्नी आङल्हामु शेर्पाको मिति २०१९/०८/१३ मा मृत्यु भएको र निजहरूको एकमात्र छोरा फुतर शेर्पा र तीन जना छोरीहरू जिमा शेर्पा, सुनजोख शेर्पा र पासाङ पुटी शेर्पा रहेको, फुतर शेर्पाको मिति २०४२/०५/१५ मा मृत्यु भएको र निजको एकमात्र पत्नी सोना शेर्पाको मिति २०४२/११/०७ मा मृत्यु भएको, निजहरूको चार छोराहरू जेठा डिम तेन्जी शेर्पाको' मिति २०७१/०८/१० मा मृत्यु भएको र निजको एकमात्र पत्नी दाकिमा शेर्पा रहेको, माहिला डिमा वाङछु शेर्पा, साहिला फुगेल्जेन शेर्पा र कान्छा पासाङ शेर्पाको मिति २०७३/०१/०३ मा मृत्यु भएको र निजको एकमात्र पत्नी लालमाया श्रेष्ठ रहेको र एक मात्र छोरी दालमु शेर्पाको अविवाहित अवस्थामै मृत्यु भएको, कर्मा शेर्पाको तीन जना छोरीहरू जिमा शेर्पा, सुनजोख शेर्पा र पासाङ पुटी शेर्पामध्ये जिमा शेर्पा र सुनजोख शेर्पाको विवाह गरी गई मृत्यु भइसकेको र पासाङ पुटी शेर्पाको मिति २०७७/१२/२५ मा अविवाहित अवस्थामै मृत्यु पासाङ पुटी शेर्पाको मृत्युपछिको सबै भन्दा नजिकको हकदार हामी चार जना भदै/भदै बुहारी मात्र भएकाले पासाङ पुटी शेर्पाका नाममा रहेको तपशिल बमोजिमका जग्गाहरू हाम्रो नाममा नामसारी गरी पाऊँ भनी माग निवेदन पेश गर्नु भएको हुँदा यो **हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ । तपसिल बमोजिमका जग्गाहरू अरु कोही कसैको हकभोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | जिल्ला | गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | जुभिङ | ७ | ३२६, ३२७, ३५६, ३६५ र ५०१ | २१७०, ११६५, ५०, ११२५ र २०१० |

इति सम्बत २०७९ साल चैत्र महिना २ गते राज ५ शुभम्.......................................।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०३/०४ मा दर्ता भएको प्रा.लि. नं. ९४०३३ को पी. ए. भी. मिडिया प्रा.लि. को मिति २०७९/१२/०५ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/२५ मा दर्ता भएको प्रा.लि. नं. २६१५८२ को अनलाइन वास्केट प्रा.लि. को मिति २०७९/१२/०६ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०४/१८ मा दर्ता भएको **प्रा.लि. नं. २६६४७५** को **पुजा स्टोर एण्ड कुल्फी घर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०१/०९ मा दर्ता भएको **प्रा.लि. नं. १८८०७२** को **हरिओम फिड एण्ड ह्याचरी ईण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF CARTON FACTORY CO.

पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 283002 चलानी नं. ६०१९८४०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 21 | 0 | 1200 | ४१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835,9863194832,9863194834, 9863194839
Email:- applyvnv@gmail.com, visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARIA AL-QASR INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/६ LT. No. 282991 चलानी नं. ६०१९५५५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worke | 1 | 0 | 1000 | ३४७०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युरोपको ROMANIA मा रोजगारको अवसर

१.कम्पनी: SC DE SILVA INTERMED SRL, Bucharest, Romania

पुर्व स्वीकृति मिति: 2023/03/20 L.T. NO.: 282858 चलानी नं. 60198432

| सि. नं. | कामदारको पद | माग संख्या पु | माग संख्या म | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना, बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 10 | - | 650 | 85,800 | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | २ वर्ष |
| 2 | Plumber | 10 | - | 650 | 85,800 | | | | | | |
| 3 | Electrician | 10 | - | 650 | 85,800 | | | | | | |
| 4 | Painter | 15 | - | 650 | 85,800 | | | | | | |
| 5 | Welder | 15 | - | 650 | 85,800 | | | | | | |
| 6 | General Worker | 40 | - | 550 | 72,600 | | | | | | |

प्रि अन्तरबार्ता धमाधम भैरहेको छ। फाइलन अन्तरबार्ता २०७९ चैत्र १४,१५ गते कम्पनीको कार्यालयमा हुनेछ।
अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोन रु ७०० कामदार आफैले र कल्याणकारी कोष सम्वन्धी व्यवस्था रु १५०० कामदार आफैले दिने

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | निसुल्क | ने.रु २७५०० |

**श्रम तथा रोजगार प्रवद्धन विभागवाट गराईएको जानकारी** १.आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४.विदेश जानु अगि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५.विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्तक्षर गनुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जाँदा नेपालमै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केहि बुझ्नु परे श्रम तथा रोजगार प्रवद्धन विभाग, बानेश्वरमा सम्पर्क राख्नु होला ।

Lic.No: 288/058/059

**स्टेभाण्ड गोर्खा ओभरसिज प्रा.लि**
सानेपा ०३, झम्सीखेल,(विगमार्ट सँगै ) ललितपुर ,नेपाल
फोन नं: ५४५१३०९, ५४५१३१०
Email: new.stevand@gmail.com

# उपराष्ट्रपति यादवले सम्हाले कार्यभार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनिर्वाचित उपराष्ट्रपति रामसहायप्रसाद यादवले कार्यभार सम्हालेका छन् । सोमबार पद तथा गोपनीयताको शपथ लिएसँगै उनले लैनचौरस्थित कार्यालयमा पदबहाली गरेका हुन् ।

राष्ट्रपति कार्यालय शीतलनिवासमा सोमबार पद तथा गोपनीयताको शपथ लिएलगत्तै उनले उपराष्ट्रपतिको कार्यालय हरितगृह, लैनचौर पुगेर पदबहाली गरेका थिए । उपराष्ट्रपतिले पदबहाली गरेर औपचारिकरूपमा जिम्मेवारी सम्हालेको उपराष्ट्रपति कार्यालयका सूचना अधिकारी प्रविण पौडेलले जानकारी दिए ।



उनका अनुसार पदबहालीपछि उपराष्ट्रपतिलाई कार्यालयकोतर्फबाट सचिव टेकनारायण पाण्डेले 'ब्रिफिङ' गरेका थिए । उपराष्ट्रपति यादवले पदबहालीपछि कार्यालय परिसरमा वृक्षरोपणसमेत गरेका थिए ।

यादव यही ३ चैतमा मुलुकको तेस्रो उपराष्ट्रपति पदमा निर्वाचित भएका थिए । जनता समाजवादी पार्टी (जसपा)को संसदीय दलका नेतासमेत रहेका उनी सत्ता गठबन्धनको साझा उम्मेदवार बन्दै उपराष्ट्रपतिमा निर्वाचित भएका हुन् । पूर्वमन्त्रीसमेत रहेका यादवले एमालेकी अष्टलक्ष्मी शाक्य र जनमत पार्टीकी ममता झालाई पराजित गरेका थिए ।

# जसपा नेतृ शर्मा बनिन् सांसद

**काठमाडौं (प्रस)–** जनता समाजवादी पार्टी नेपाल (जसपा) की नेतृ मञ्जु शर्मा प्रतिनिधिसभा सदस्य बनेकी छन् । निर्वाचन आयोगले सोमबार शर्मा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको जानकारी गराएको हो ।

आयोगको सोमबार बसेको बैठकले शर्मालाई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (२) र प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४७ को उपनियम (५) बमोजिम प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएको घोषणा गरिएको जानकारी दिएको छ ।

समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित शहनाज



रहमानको निधन भएपछि रिक्त रहेको स्थानमा शर्मा निर्वाचित भएकी हुन् । गत मंसिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत जसपाबाट बन्दसूचीको क्रम ५२, लिंग महिला, समावेशी समूह मुस्लिम, समावेशी समूहभित्रको प्राथमिकता क्रम १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रहमानको निधन भएपछि सो पद रिक्त भएको थियो ।

सो रिक्त पदमा बन्दसूचीको क्रम ५३, लिंग महिला, समावेशी समूह मुस्लिम, समावेशी समूहभित्रको प्राथमिकता क्रम २ मा रहेकी शर्मा निर्वाचित भएको आयोगले सोमबार प्रकाशित गरेको प्रेस विज्ञप्तिमार्फत जनाइएको छ । शर्मालाई प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को दफा ३८ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-३० बमोजिमको प्रमाणपत्र प्रदान गर्ने निर्णय गरिएको आयोगको उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएको निर्णयको जानकारी संघीय संसद् र सम्बन्धित दललाई दिइने सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

---

नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

**एशियन क्यापिटल लि.**

पुतलीसडक, काठमाण्डौ, नेपाल

## हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

यस एशियन क्यापिटल लि. को मिति २०७९/११/६ को विशेष साधारणसभाको निर्णय अनुसार साविक शेयरधनीहरुका लागि १० शेयर बराबर ११ शेयर (१:१.१०) को अनुपातको प्रति शेयर रु १००/ अंकित दरका हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला यही मिति २०७९/१२/०८ देखि २०८०/१/१२ सम्म भईरहेको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य जानकारीका लागि कम्पनीमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**आज्ञाले**
**कम्पनी सचिव**

---

## लुम्बिनी विकास बैंक लिमिटेडको

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(मिति २०७९/१२/०७ गतेको प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना)

यस विकास बैंकको, त्रिपुरेश्वर शाखा कार्यालयका खातावाला **साहु लाल श्रेष्ठ**को नातिनी, **भरत लाल श्रेष्ठ**की छोरी, प्रदेश ३, काठ्माण्डौं जिल्ला, काठ्माण्डौं महानगरपालिका वडा नं. १३ मा बस्ने **मंगला देवी श्रेष्ठ**को मिति २०७८/१०/२१ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको बचत तथा निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोराहरू **जिबन लाल श्रेष्ठ** र **मधुबन लाल श्रेष्ठ** तथा **बुहारी सबिना श्रेष्ठ**ले यस विकास बैंकमा निवेदन दिनुभएको हुंदा उक्त बचत तथा निक्षेप रकम उपर निज निवेदकहरू वाहेक अग्र प्राथमिकतामा कोही कसैको हकदावी लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराइज बिज पार्क, चौँथो तल्ला
डिल्लीबजार, काठमाडौं
फोन: ०१-४४१३५२५/४४२२१४१
ईमेल: info@lumbinibikasbank.com
वेब: www.lumbinibikasbank.com

---

## कम्पनीको नाम परिवर्तन उद्धेश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०७९/१२/०७**

यस कम्पनीको मिति २०७९/११/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **ड्रागन हस्पिट्यालिटी एण्ड क्याटरिङ्ग सर्भिस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **ड्रागन हस्पिट्यालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ड्रागन हस्पिट्यालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.(प्रा.लि.नं.२९७२६३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

---

## युएईमा वैदेशिक रोजगारको अवसर

FREE RECRUITMENT

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०७८/०६/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 248136 चलानी नं. ६०१६७६९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 151 | 34 | 2000 | ७१,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60

P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977-1-4468734, 4104243
Fax: +977-1-4460562, Mobile: +9779823237412, +9779818119591+9779840738899
Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALSEEF ALSHARQI COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 283017 चलानी नं. ६०१९८४६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 6 | 0 | 1500 | ५२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALSEEF ALSHARQI COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 283015 चलानी नं. ६०१९८४६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1500 | ५२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११८२/०७३/७४

**YUSHO GLOBAL PVT. LTD.**

Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CREEP DEEP (ASQ INTERNATIONAL FOOD ARABIA CATERING SERVICES)

पूर्व स्वीकृति मिति २०७८/०३/३१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 267377 चलानी नं. ६०१८३३७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EFADAH RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति २०७८/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 250899 चलानी नं. ६०१५६२३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 7 | 0 | 1000 | ३४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 274664 चलानी नं. ६०१९०३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 4 | 0 | 1000 | ३४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASSQ INTERNATIONAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 283037 चलानी नं. ६०१९८४२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 25 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति २०७९/१०/२४ पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 280733 चलानी नं. ६०१९६१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 75 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

---

# Baijanath Rural Municipality
## Office of Municipal Executive
Rampur-05, Banke
Lumbini Province, Nepal

# INVITATION FOR BIDS

**First Date of publication: 2079/12/07(21th March, 2023)**

1. Baijanath Rural Municipality invites electronic bids from eligible bidders for the execution of below Mentioned worksunder National Competitive Bidding procedure
2. Bidders should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue)Khata account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK , Kohalpur, Branch
   Name of Office: Baijanath Rural Municipality Office
   Office Account No: 059CA59498380006 Rajaswa (revenue) khata
3. Complete set of bidding Documents can be downloaded from www.bolpatra.gov.np.Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** On or before 12:00 pm on 2080/1/07 (20th,April, 2023)
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pmon2080/1/07 (20th,April, 2023)
   at the office of Baijanath Rural Municipality, Rampur-05, Banke, Nepal
5. Bids must be valid for a period of 90 days after the deadline for bid submission date and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum as mentioned in table below which shall be valid for 30 days beyond the validity period of the bid.
6. Pre-bid meeting shall be held atBaijanath Rural Municipality, Rampur-05, Banke, Nepal 14:00 hrs on 2079/12/27
7. If the bidder wishes to submit bid security in the form of cash, the bidder has to deposit cash in the following account.
   Name of the Bank:NIC ASIA BANK , Kohalpur, Branch
   Name of Office:Baijanath Rural Municipality Office
   Office Account No: 5941498380524002 (Dharautikhata)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Baijanath Rural Municipality Office, reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-06.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project including Vat NRs | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS/ BUILDING/18-079/80 | Construction Of Baijanath Gaupalika Ward-07 Office Building , Pedari, Banke, Baijanath-07, Banke | 16274175.01/- | *407000/-* | 3000.00/- | |

**Chief Administrative Officer**
**Baijanath Rural Municipality, Rampur, Banke**

प्रभाव दैनिक National Daily

सम्पादकीय

# सरकारको काम प्रभावकारी बनाऊ

तेस्रोपटक प्रधानमन्त्री बन्दा पुष्पकमल दाहालले भनेका थिए– विगतमा काम गर्न पाइएन, यो पटक देश र जनताका लागि काम गर्नकै लागि आएको हुँ । उनको त्यो भनाइ र गराइमा भने फरक देखिएको छ । उनी प्रधानमन्त्री बनेयता आफ्नो पद जोगाउने दौडधुपमै बढी सक्रिय रहँदै आएका छन् । कांग्रेसलगायत दलसँग गठबन्धन गरेर प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन लडेका उनले चुनावपछि कांग्रेससँग कुरा नमिलेका कारण एमालेको साथ लिएर प्रधानमन्त्री बनेका थिए ।

चुनावमा आगामी पाँच वर्ष गठबन्धन कायम राखेर काम गर्ने वाचा जनतालाई गरेकोमा चुनावलगत्तै गठबन्धन तोडिँदा जनता अचम्मित भएका थिए । चुनावमा गरिएको वाचा त्यही तोडिएको थियो । तर, फेरि एमालेसँगको गठबन्धन एक महिनाभन्दा टिकेन । राष्ट्रपतिको चुनावमा राष्ट्रिय सहमतिमा अगाडि बढ्ने भन्दै दाहालले एमालेलाई राष्ट्रपति दिन अस्वीकार गरे र कांग्रेसँग फेरि गठबन्धनमा जोडिए । र, अन्ततः राष्ट्रपतिमा कांग्रेसका उम्मेदवारलाई विजयी गराए । त्यसलगत्तै एमाले र राप्रपा सरकारबाट बाहिरिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उनी पुनः विश्वासको मत लिनुपर्ने बाध्यतामा परे । त्यही कारण उनले सोमबार संसद्मा विश्वासको मतका लागि प्रस्ताव पेस गर्दै विश्वासको मत पनि पाए । तर, अघिल्लोपटकभन्दा ९६ जना कम सांसदले मात्र उनलाई विश्वासको मत दिए । यसपटक १७२ सांसदले उनलाई विश्वासको मत दिए । जबकि, यसअघि २६ पुसमा दाहालले २६८ जनाबाट विश्वासको मत पाएका थिए । दोस्रोपटक पनि विश्वासको मत पाउँदा उनको सरकार जोगियो ।

अब प्रधानमन्त्री दाहाललाई यसरी नै अल्भिने छुट छैन । तत्काल मन्त्रिपरिषद् विस्तार गरी काम गर्नुपर्नेछ । उनले प्रधानमन्त्री बनेलगत्तै सचिवहरुलाई दिएको निर्देशन कार्यान्वयनमा आएको देखिँदैन । निर्देशनमात्र दिएर काम नहुने कुरामा उनले हेक्का राख्न जरुरी छ । मुलुकमा गणतन्त्र आएपछि जनताले जुन अपेक्षा गरेका थिए त्यो अहिलेसम्म अनुभूति गर्न पाएका छैनन् । गणतन्त्र स्थापनामा मुख्य भूमिका खेलेकै व्यक्ति अहिले मुलुकको प्रमुख कार्यकारी पदमा हुँदा त्यो जनअपेक्षा पूरा हुने गरी काम गर्न प्रधानमन्त्रीको ध्यान केन्द्रित हुन जरुरी छ ।

मुलुकको अर्थतन्त्र संक्रमणकालीन अवस्थामा गुज्रिएको छ । यसलाई सुधारतर्फ लैजाने योजना र त्यसको प्रभावकारी कार्यान्वयन अहिलेसम्म कुरामै सीमित भएको छ । बजेट कार्यान्वयनको कमजोर अवस्था, राजस्व लक्ष्यअनुसार संकलन नहुँदा खर्च व्यवस्थापनमा सरकारले भोग्नुपरिरहेको चुनौतीको विषयमा अझै गम्भीररुपमा सरकार नलाग्ने हो भने मुलुक ठूलो संकटमा फस्ने निश्चित छ । त्यसैले अब राजनीतिक चलखेलमा होइन, सरकारलाई प्रभावकारी बनाउनेतर्फ प्रधानमन्त्रीको ध्यान जाओस् ।

## मननयोग्य

### विदुर नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए । त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् । यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए । जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो । (क्रमशः)

## प्राकृतिक उपद्रोको सूचना दिने पर्व

# पाहाँचह्रे र घोडेजात्रा



पदम श्रेष्ठ

> पाहाँचह्रेका दिन लुकुमाद्यः पूजा गर्नु धर्ती पूजा हो । घर, टोल, चोक फोहोर भएमा महामारी रोग फैलिने हुँदा लुकुमाद्यःको नाउँमा साःगाः सफाइ गरिन्छ । पाहाँचह्रे पूजामा तोरी र मूलाको फूलसहितको बिरूवा राख्नाले घरमा भूतप्रेत, दुष्टात्मा प्रवेशमा रोक लगाउँछ भने भोजमा लसुन, मूला खानाले रोगबाट बचाउँछ । पूजाको धूपको गाजल बनाई लगाउँदा धूलो आँखामा पर्दैन भनिन्छ ।

प्राकृतिक उपद्रो र रोगको महामारी सुरु भयो है भन्ने संकेतस्वरूप चैत्र चतुर्दशीका दिन काठमाडौं उपत्यकामा पाहाँचह्रे मनाइन्छ । नेपाल भाषामा पाहाँको अर्थ पाहुना र चह्रे भन्नाले चतुर्दशी हो । पाहाँचह्रे अघि हुरीबतास रोगव्याधि सुरु हुने हुँदा घरको छाना बाँध्ने, फोहोर, साःगाः ढल सफाइ गर्ने र आजु/अजिमाद्यः(पुर्खा देवता) लाई समयबजी (चिउरा, छोयला, माछाको थुप्रो) चढाइ पूजा गरिन्छ । देवीदेवतालाई राँगा, हाँस, कुखुरा, बोका बलि दिई लुकुमाद्यः पूजा गरी भोज खाइन्छ । यसदिन लुकुमाद्यः भन्दै फोहोरको ढल (साःगाः) पुजिन्छ ।

किंवदन्तीअनुसार शनि ग्रहले महादेवलाई छुँदै साढे सातको दशा आजदेखि हजुरलाई लाग्दै छ भने छन्, महादेव धर्तीभित्रै साःगाःमा लुकी बसे । बाहिर आई शनिसँग भने छन्- खै त तिमीले मलाई छुन सकेको ? शनिले हाँस्दै जवाफ फर्काए- मैले नछोएको भए साढे सात वर्षसम्म हजुर फोहोरमा बस्नुपर्थ्यो र ?

पाहाँचह्रेका दिन लुकुमाद्यः पूजा गर्नु धर्ती पूजा हो । घर, टोल, चोक फोहोर भएमा महामारी रोग फैलिने हुँदा लुकुमाद्यःको नाउँमा साःगाः सफाइ गरिन्छ । पाहाँचह्रे पूजामा तोरी र मूलाको फूलसहितको बिरुवा राख्नाले घरमा भूतप्रेत, दुष्टात्मा प्रवेशमा रोक लगाउँछ भने भोजमा लसुन, मूला खानाले रोगबाट बचाउँछ । पूजाको धूपको गाजल बनाई लगाउँदा धूलो आँखामा पर्दैन भनिन्छ ।

**दुरु च्यां च्यां जात्रा (बत्सलेश्वरी आमा) :**

पशुपतिस्थित भुवनेश्वरीलाई अजिमाहरूकी आमाका रूपमा लिइन्छ । त्यसैले पाहाँचह्रेको भोज बोलाउन चिल्ला (अष्टमी)का दिन दुरु च्यांच्यां बोलको दुन्दुभी बाजा बजाउँदै भुवनेश्वरीका पुजारी, पशुपतिनाथको आगमघरका भट्ट पुजारी, चार भण्डारीमध्येका एक जना सानो खटमा शिवलिंग राखी छोरी देवताहरूलाई निमन्त्रणा गर्ने गर्छन् । यसैबीच उपत्यकामा नक्साल भगवती, तखती अजिमा, लुँचु लुभुँ अजिमा, न्हायकंतला अजिमा, कंग कजिमा, न्यतमरु अजिमा, लुमरी अजिमा (वंतु र तेबा खट) र प्यंगः थां नरसिंह आजुको भव्य जात्रा हुने गर्दछ । दुन्दुभी बाजाको बोल दुरु च्यां च्यांकै कारण जात्राको नाउँ नै बोल बन्न गएको हो भने छोरीलाई निमन्त्रणा गर्न पशुपति महादेव सानो शिव मूर्तिका साथ बछलामाजु (भुवनेश्वरी)को प्रतिकृतिस्वरूप खटजात्रा गर्दै देवपाटन (ग्वल)को लगंलाछी पाचुत्वा, सिफल, मालिगाउँ, नक्साल, नागपोखरी, हात्तीसार, जमल, कमलपोखरी हुँदै असन जनबहाल, इन्द्रचोक, मरु, चिकमुंगल न्हुँघ लगन, टेकुदोभान पचलीभैरवमा विशेष भोग बलि पूजा गरिन्छ । त्यहाँबाट लगन, ब्रह्मटोल, हचुमत, जैशीदेग, क्वहिटी, भीमसेनस्थान, मरु, यट्खा, नरदेवी, त्यंगल, मलाछी, कमलपोखरी, ज्ञानेश्वरहुँदै पशुपति पुर्‍याइन्छ । शीतलाष्टमी भनिने दुरु च्यांच्यां जात्रा पाहाँचह्रे आउन लाग्यो एक हप्ता बाँकी भन्ने सूचना दिने पर्वकारूपमा लिइन्छ । जुन निमन्त्रणा पर्व मंगलबार सुरु भएको छ ।

**घोडेजात्रा**

आपत्, विपत्, रोगव्याधि घोडा दौडिएझैं आउँछ । अनि दुष्टात्मालाई पन्छाउन सेतो वायुपंखी घोडाले भूमिका खेल्छ भन्ने मान्यता पाइन्छ । यही मान्यतालाई पाहाँचह्रेको भोलिपल्ट काठमाडौं र पाटनको टुँडिखेलमा घोडा दौड जात्रा प्रदर्शन गर्ने परम्परा छ ।

मल्लकालदेखिको घोडेजात्राले दुष्टात्मा र प्राकृतिक उपद्रव शान्त हुन्छ भन्ने मान्यताअनुसार काठमाडौंको टुँडिखेलमा राष्ट्रपति, प्रधानमन्त्रीको उपस्थितिमा फूलपाती बढाइँका साथ घोडा दौड प्रतियोगिता गराइन्छ ।

पाटनको भोलाख्यो बालकुमारीमा रक्सी खुवाएको एकमात्र घोडा कुदाइन्छ । राजा प्रताप मल्ल र पाटनका राजा श्रीनिवास मल्लबीच मनमुटाव हुँदा ने.सं. ७८७ तिर पाटनमा एक्लो घोडा कुदाउन थालिएको बताइन्छ । आफ्ना जनताले काठमाडौं जान नपरोस् भनी भोलाख्यो बालकुमारीमा एक्लो घोडा कुदाइ मनोरञ्जन गर्न थालिएको हो । यसदिन काठमाडौं उपत्यकाका सर्वजातका केटाकेटीलाई एउटै लहरमा राखी मलजा (सुकेको पातमा बेसार भात, गेडागुडी, जाँड, रक्सी, दूध सलिचामा राखी) खुवाइन्छ । यसरी मलजा खुवाउनाले केटाकेटीलाई रोग लाग्नबाट बचाउँछ भन्ने विश्वास गरिन्छ ।

**असंभलु (अन्नपूर्ण) अजिमा जात्राः**

असन अन्नपूर्ण (असंभलु) स्थलमा प्रत्येक वर्ष पाहाँचह्रे (घोडेजात्रा)का बेला चैत्रकृष्ण औंसीका दिन अष्टमातृका दिदी-बहिनी भेट्ने खटजात्रा जुधाइन्छ । असन अन्नपूर्ण अजिमा अगाडि टेबहालकी लुभडी अजिमा र वटुखट, कंकेश्वरीको कंग अजिमा जुदाए पनि नरदेवीकी ङेतमरु अजिमा, टंकेश्वरकी तखती अजिमा, मैतीदेवीकी मैती अजिमा, नयाँबजारकी म्हेपी अजिमा र बांगेमूढाकी न्हेकन्तला अजिमाको छुट्टै जात्रा हुन्छ । यी दिदी-बहिनीमध्ये क्षेत्रपाटीकी लुतीमरु अजिमा (इन्द्रायणी) खटजात्रा भने बालाचतुर्दशीका दिन हुन्छ । असन चोक पूरै धातुरागमा बजाइने क्वँचाखीं, पश्चिमा, दापाखीं जस्ता बाजाको तालमा खटजात्रा भइरहँदा झ्याल-झ्यालबाट भक्तजनहरूले सगुन, रोटी, चटामरी र लोचामरी वर्षाएको देख्दा लाग्छ असन सहकाल अन्नपूर्णको केन्द्र नै हो । चैत्र शुक्ल प्रतिपदाका दिनदेखि नयाँ वर्ष शक संवत् परिवर्तन हुने हुँदा असन माछा देवता गणेश डबलीमा ज्योतिषी बसी वर्षको शुभ-अशुभको चिना हेर्ने र देवीदेवताको खटजात्रा गर्ने कथन छ । असंमरु अजिमा जात्राबारे कथनअनुसार एक जना ग्वाला जामाचोदेखि म्हेपी हुँदै गाई चराउँदै असन पुग्दा एउटी सुन्दरीलाई पञ्जपुखु (रानीपोखरी)मा नुहाएर कपाल सुकाइरहेको देखे छन् । सुन्दरीको यौवनमा अकर्षित हुँदै ग्वाला अगाडि पुग्दा देवी अलप भई भनिछन्, 'म योगाम्बर ज्ञानेश्वरी म्हेपीकी अर्धांगिनी अन्नपूर्ण हुँ ।' उनै ग्वालाका वंशजले क्षमापूजा गरी पूर्णकलशसहित असंभलु अजिमा प्रतिष्ठापित गराए भन्ने गरिएको छ ।

**पाहाँचह्रे धमाथु जात्राः**

पाहाँचह्रेका दिनदेखि सुरु हुने धमाथु (धर्मस्थली) जात्रामा पीठखट जुधाउँदै शुभकामना आदानप्रदान गरिन्छ । लाछी टोलमा इन्द्रका ३२ हाते ढुंगेस्तम्भ खडागरी थालिने जात्रामा महांकाल, पिङला अजिमा र तीनवटा गणेशसमेत पाँच खटको भव्य जात्रा हुने गर्दछ । पाहाँचह्रेका दिन छोरीचेलीलाई पाहुना बोलाएर मीठो-मसिनो खुवाइ घर जानका लागि केहीबेर रोक्ने संस्कारसँग यो जात्रा जोडिएको छ ।

पाहाँचह्रेको भोलिपल्ट घोडेजात्राको दिन देवदेवीका खटलाई लाछीमा बजार घुमाइन्छ भने तेस्रो दिन चैत्रशुक्ल द्वितीयाका दिन मुजात्रा राति गरिन्छ । चतुर्थीका दिन सुल नाममा विश्राम भए पनि स्थानीयले सांस्कृतिक कार्यक्रम गरी मनोरञ्जन प्रस्तुत गर्ने परम्परा छ । लिच्छविकालीन राजा धर्मदेवद्वारा स्थापित धर्मस्थली बालाजु बाइपासबाट करिब सात किलोमिटर दक्षिण-पश्चिमको बस्ती हो ।

**इचंगु महालक्ष्मी जात्राः**

राजा हरिदत्त बर्माद्वारा स्थापित हल्चोकको इचंगुनारायणस्थानमा मनाइने महालक्ष्मी जात्रा घोडेजात्राका दिन खटजात्रा गरी मनाइन्छ । यसका लागि पाहाँचह्रेका दिन द्यःछेबाट महालक्ष्मी देवताको मूर्ति खट निकाली गणेशसहित इचंगु नारायणको दक्षिण कुनामा अवस्थित पीठमा प्रतिष्थापित गराइन्छ । यसदिन दशा हटाउने नाउँमा साँझ देवस्थलमा आगो बाली रातभर जाग्राम बस्ने र भोलिपल्ट चिल्लागा औंसीको दिन महालक्ष्मी देवीलाई हाँस, राँगा, बोका आदि बलि दिई अबिरयात्रा गरिन्छ । महालक्ष्मी/गणेश खट बोक्नेहरूले जुत्ता लगाउन हुँदैन भन्ने मान्यतानुसार खाली खुट्टा नायखीं दाफा बाजाको तालमा खटजात्रा हल्चोक आकाश भैरव, चिसापानी, रामकोट, भीमढुंगा टाँफिकलसम्म पूजा थाप्न जाने परम्परा छ । यसैदिन इष्टमित्र, आफन्तलाई भोज बोलाइन्छ । चण्डीपूर्णिमाको दिन

*ल्हुती पूर्णिमापरम्नाथ याङा गुरु याके*
*आज्ञा फोन भवानीया चरणसं*
*चिनातःस चोनेचष्टिकाया महात्तम डेन ल्हाय् आवः*

जस्ता चण्डेश्वरी 'परम्नाम' स्तोत्र पढ्दै धनेश्वर महादेव (चण्डेश्वरी मन्दिर अगाडिको महादेव)को पनि सँगसँगै जात्रा हुने गर्दछ । भोछीभोय श्रेष्ठ समुदायको संलग्नतामा हुने चण्डेश्वरी जात्रासँगै धनेश्वर महादेव जात्राबारे अर्को एउटा आख्यान छ । चण्डासुर राक्षसले देवीलाई अनेक तरहले दुःख दिन थालेछन् । यसबाट रिसाएका चण्डेश्वरीले जथाभावी राक्षसको वध गर्दै हिँड्दा रिस शान्त गर्न बाटोमा सुतिरहेका महादेवलाई समेत नदेखेपछि कुल्चन पुगेछन् । यही दिनको स्मरणमा चण्डेश्वरी मन्दिरअगाडि महादेवको मन्दिर बनाई जात्रा चलाएको बताइन्छ । भोछीभोय श्रेष्ठ खलकभित्रका चाकु बजी लाखे, धुँ यी चारै उपथरहरू चण्डेश्वरी जात्रामा ललितपुरको हरिसिद्धिवासी जानु हुँदैन भन्ने परम्परा छ । चण्डेश्वरी देवताका यी नै चार खलक हरिसिद्धिदेवीले खाइदिएका कारण जलमी बासिन्दा यहाँ जानु हुँदैन भनिए ।

(१) चण्डेश्वरी जात्रा सुरु बाहाः भोछीमोय श्रेष्ठ खलकले बछलाथ्व अष्टमीका दिन विधिवत् पूजा गर्ने र खड्गी समुदायले नायखिं बजाउँदै सूचना दिने गरिन्छ । जात्राको बेला विघ्नबाधा नआओस् भनी बौ ह्वलेगु गरिन्छ । भोछीमोय खलकले जात्राभर छालाको जुत्ता लगाउने, छाता ओढ्ने र घोडा चढ्ने गर्नुहुँदैन ।

(२) लिंगो गाड्नेः जात्राको एक हप्ताअघि मानन्धर खलकले भक्तपुरको सल्लाघारीमा रक्सी खुवाएको बोकालाई विधिवत् छाड्ने र बोकाले जुन रुख छुन्छ त्यो बलि दिई बनेपा लाछीमा लिंगो ठड्याएर जात्रा सुरु गर्दछन् ।

(३) द्यो कुहां विज्याकेगुः पूर्णिमाको चार दिनअघि देवतालाई द्योछेंबाट तल ल्याइन्छ र देवताको गहना जाँच गरिन्छ । द्वारे पुजारी र भोछीभोय तीन ताल्चा हुन्छ । गहना ल्याउँदा-लाँदा नायखिं भुस्या बजाइन्छ ।

(४) खड्ग पूजाः चैत्र चतुर्दशीको साँझ तःगुथीबाट राजाको खड्ग राखि लायकू पूजा बोका बलि दिई भोज हुन्छ ।

समष्टीगतरूपमा भन्नुपर्दा पाहाँचह्रे (घोडेजात्रा) विशुद्ध प्राकृतिक पर्वका रूपमा मनाइन्छ भने रोगव्याधि हावाहुरीबाट देशवासीलाई बचाउन नजिकका परिवारजनलाई बोलाएर भोज खाने गरिन्छ ।




# कमाउनिस्ट बन्दै कम्युनिस्ट नामका कलंक

अहिले मुलुकभर धनदौलतको चर्चा छ । बैंकका कर्मचारीहरूमाथि निकै नै प्रहार हुन थालेको छ । किनकि अहिले 'कमाउनिस्ट'को नेतृत्वको सरकार छ । कमाउनिस्टको नेतृत्वमा सरकार भएका बेला बैंकका भिजिलान्तेहरूलाई तह नलगाए कसलाई लगाउने ?

२०५२ साल फागुन १ गते गोरखाको च्याङ्लीमा रहेको कृषि विकास बैंक कब्जा गरेर माओवादी सशस्त्र युद्ध सुरु गरेका माओवादीका कमाण्डर छविलालले दोस्रोपटक विश्वासको मत लिएर भए पनि देशको ठेक्का पारेका छन् ।

मार्सी चामलको चर्चामा रमाउँदारमाउँदै त्यही मार्सी ठेकेदार प्रसाईंले ५२ सालकै लाभ्र्रा र पूँपाहाका रूपमा बैंक र लघुवित्तका कर्मचारी देख्यो कि ठोकिहाल्ने सन्देश दिएका छन् । मार्सीका ठेकेदार एकातिर देश हाँक्ने ठेकेदार अर्कोतिर । ऊ बेला बैंक कब्जा गरेको, अहिले बैंकका कर्मचारीको टाउको फोरेको हिसावकिताव बराबर ।

ऊ बेला सामाजिक सञ्जाल थिएन, थोरैले थाहा पाए, अहिले हातहातमा रेमिट्यान्सको गत्तिलो चिनो छ । त्यही चिनोमा टिकटक र फेसबुकमा मनलाग्दो देखिहाल्छ । आमूल परिवर्तन गरेर देखाउँछु भनेका थिए देखाइदिए ।

आफ्नो सत्तामा कसैले पनि ठेस नपुर्‍याउनेगरी शाह वंशले भित्र्याएको कम्युनिस्टले शाह वंशको दादागिरी नै सिध्याइदियो । निजी सम्पत्ति हटाउन पूर्णसामाजिक समानता हासिल गर्न सक्ने कम्युनिस्ट भन्ने कार्ल मार्क्सले सिकाए । उताकाले गज्जबले सिके । सोभियत युनियन, चीन उत्तर कोरिया, क्यूवालगायतका देशहरूमा प्रयोग पनि गरियो ।

कम्युनिस्टहरू अरुलाई प्रयोग गर्न निकै सिपालु । जसरी माओले स्टालिनिनी पछ्याउने प्रयास गरेका थिए । तर, पछि माओले आफ्नै विचार र सिद्धान्तलाई अगाडि बढाए । माओवादीले राष्ट्रवाद र किसानलाई विश्वास गरेर अगाडि बढेको थियो । त्यही सिको यता पनि देखियो । थोरै समय विचार र सिद्धान्तलाई बोकेजस्तो पनि गरियो । नेपालमा न त मार्क्सवादको असर न त लेनिनवादको असर । न राष्ट्रवादलाई अंगाल्न सकेको अवस्था । न त माटोवादमा रमाउने किसानहरूलाई नै समेट्न सकेको अवस्था ।

चीन, रुस, कोरिया, क्युवालगायतले देश परिवर्तन गर्नका मरिहत्ते गरे । नेपालका कम्युनिस्टहरू कमाउनिस्ट बन्नका लागि सर्वश्व हरे । विचार, सिद्धान्त र वाद पैसा र पदमा लिप्त भए । चिनियाँहरू कम्युनिस्ट भए र रहिरहे । छिमेकी नेपालका कम्युनिस्टहरू कमाउनिस्टमा परिवर्तन भए । पुँजीपतिमै रमाइरहे । सत्ताको जोडघटाउमा मार्क्सवाद, लेलिनवाद, माओवाद कुन्नि के-के वाद सब पदवादमा रूपान्तरित भए ।

पुँजीपति एवं सामन्तवाद बोकेको कांग्रेस र भूमिहीन साम्यवाद बोकेको कम्युनिस्ट एउटै डोलीमा कसरी रमाउन सक्छन् ? त्यो केवल रंगमञ्चको रंगभूमिका हुन्थ्यो तर नेपालमा कम्युनिस्टबाट आफूलाई कमाउनिस्टमा रूपान्तरण गर्ने होनहार साम्यवादीहरू माटोवाद, राष्ट्रवादलाई तिलाञ्जली लिएर शक्तिवाद, पदबाट र धनवादको इसाराले बोकेर डुलाइरहेको छ ।

अल्पमतले बहुमतलाई शासन गर्ने व्यवस्था कुनै पनि कार्लमार्क्सहरूले गर्न सकेनन् । न त त्यो लेनिन वा माओहरूले नै सपना देखएका थिए । नेपाली कार्लमार्क्स भनिएका बज्रस्वाँठ त पुँजीवादको फेर समाएर सत्तामा लिप्सिन खोजेका छन् भने अरुको त के वाद होला र ?

वास्तविकरूपमा भन्ने हो भने नेपालका आफूलाई नम्बर वान भन्ने कम्युनिस्टका खोल ओडेका कलंकित कमाउनिस्टहरूले आफ्नै छातीमा हात राखेर मन मनै सोच्दा होलान् ? जनतालाई वेफकुफ बनाउन हामी कति सिपालु छौं । भाषण छाँटेर, हरेक दिन ढाँटेर महँगी साँचेर छविलालहरू साम्राज्यवादसँग घाँटीको नसा जोडिरहेका छन् । खड्गप्रसाद, झल्लु र माकुनेहरू पालैपालो त्यही सामन्तवाद भनिएको राजतन्त्रको अवशेषसँग नारिँदै आफ्नो भोको सत्ताको स्वाद चाख्न व्याकुल बनिरहेका छन् ।

समाजवाद र बिपीको दर्शनलाई ढलमतिमा बगाउँदै जसरी हुन्छ सत्ताभन्दा बाहिर कुनै पनि हालतमा जानुहुन्न । सामन्तवादलाई छाड्नै हुन्न ! दर्शन त चिन्ता हो । यसले चितामा पुर्‍याउँछ भन्दै कम्युनिस्टका खोल ओडेका कमाउनिस्टहरूलाई कुन दुलोबाट छिराउँदा सत्ताको मादमा लठ्ठिन्छन् भन्ने चाल पाएका ढेउवा बोकेर हिडिरहेका छन् । बरु अल्पमतकै हैकममा रमाउने । सत्ता प्राप्तिका लागि राष्ट्रवाद र माटोवादलाई पुँजीवादमा परिवर्तन गर्न सक्ने आँट गर्नेलाई द्रव्यपिचासको पनि लाभ्र्रा र पूँपाहासमेत माथ ख्वाइदिएका छन् ।

सत्ताका लागि पटक-पटक जोसँग पनि रासलिला गर्न सक्ने हैसियत राख्ने कम्युनिस्ट रूपका कलंकहरूलाई माटोले धिक्कार्छ धिक्कार्दैन । फुको चिउरा र दालमोठमा रमाउँदै साँच्चिकै पिल्सिएर बसेका, पीडामा बसेका जनताको मुहारमा चमक ल्याउनुछ भन्दै शंखध्वज गर्नेहरू पुँजीवादको छेपारे रङमा डुबुल्की मारिसकेका छन् । अब त वचन गए ज्यान नगए भन्ने महावाणी नै सत्य हुन थालिसकेको छ ।

बिग्रिएको कांग्रेसको मतिलाई सपार्न होइन, दुई ढुंगा बीचको तरुललाई बलियो बनाउन पनि होइन । न त आत्मनिर्भर बन्न पो होला र ! त्यो पनि होइन । माटोसँग रमाउने किसानहरूसँगै रमाउने माओजस्तै बन्न पो हो कि ? त्यो पनि होइन यहाँ त देश परिवर्तन गर्छु भन्दै आफैं परिवर्तन हुनका लागि । कम्युनिस्टहरू कमाउनिस्ट बन्न थालेका हुन् ।

नेपाली कम्युनिस्टहरू विश्वका कम्युनिस्टभन्दा चर्का छन्, महँगा छन् अनि नवधनाढ्या बादशाह वन्न सफल भएका छन् । देशमा युवा रोजगारीका लागि वा आत्मनिर्भरताका लागि होइन, सर्प पाल्न करोडौं राज्यको ढुकुटी रित्याउने कम्युनिस्ट, देशका उद्योगधन्दा ध्वस्त पार्दै परनिर्भरतातिर लम्कने कम्युनिस्ट, अनि परचक्रीबाट पद र पैसाका लागि सधैं परिचालित भइरहने कम्युनिस्ट कसरी कम्युनिस्ट होलान् ? अर्बौंका मालिक बन्न सफल भएका चप्पल पड्काउनेहरूलाई कसरी कम्युनिस्ट भन्न मिल्ला र ! जनताको रगत र पसिनासँग होली खेल्नसक्ने, आफ्नो छोराछोरीलाई ज्ञान, सीप, क्षमताले भरिपूर्ण बनाएर देशका लागि होइन विदेशका लागि बेच्न सक्नेहरूलाई कसरी कम्युनिस्ट मान्न सकिएला र ? पैसा र पदका लागि आफ्नो नैतिकता, स्वाभिमान विचार मात्र होइन सर्वश्वहरण गराउन सक्ने त कम्युनिस्ट नामका कलंक कमाउनिस्ट पो हुन् त । आफू कमाउनिस्टको कलंक भएर कम्युनिस्टलाई नै कलंकित गराउन खोज्नेहरू कम्युनिष्ट अनुहारका विचारमारा, धर्म छाडालाई के भन्नु र खै ?

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# 'टोकन–टाइम' प्रणालीले सेवाग्राहीलाई सहज

**काभ्रेपलाञ्चोक–** जिल्ला प्रशासन कार्यालयले 'टोकन' र 'टाइम कार्ड' लागू गरेपछि राहदानी र राष्ट्रिय परिचयपत्रका सेवाग्राहीलाई सहज भएको छ। कार्यालयले सेवाग्राहीको राहदानी र परिचयपत्रका फाराम भरेर फोटो खिचिदिन थालेपछि सहज बनेको हो ।

यसअघि राहदानीका लागि बाहिरबाट फाराम भर्न नसकेका नागरिक दैनिक कार्यालयमा बिहान ३ बजेदेखि नै लाइन बस्ने गरेका थिए । कार्यालयले हाल बिदाका दिनमासमेत नागरिकको अनलाइन फाराम भरेर फोटो खिचिदिने गर्दै आएको छ। प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले राहदानी लिन अनलाइन फाराम भर्नैपर्ने कठिन अवस्थालाई सहज र सरल बनाउन टोकन र टाइम कार्ड प्राणाली लागू गरेपछि सेवामा सरल र सहज बन्दै गएको बताए ।

पौडेलका अनुसार बिदाका दिनमासमेत १०० भन्दा धेरै नागरिकलाई राहदानीको सेवा प्रदान गर्दै आइएको छ । कार्यालयको रेकर्डअनुसार गत फागुनमा दुई हजार ३०१ ले राहदानी प्राप्तिका लागि फोटो खिचाएका छन् । त्यसमध्ये ९५६ महिला र एक हजार ३४५ पुरुष हुन् । थप दुईले द्रुत गतिमार्फत कार्यालयबाट सिफारिस लिएका छन् ।

कार्यालयबाट माघमा एक हजार ४९७ ले राहदानी लिएका थिए । महाभारतस्थित इलाका प्रशासन कार्यालयबाट भने हालसम्म १२ ले फोटो खिचाएको जनाइएको छ । माघ २० गतेसम्म सेवाग्राहीले साइबर र अन्य माध्यमबाट फाराम भर्ने गरेका थिए । स्थानीय साइबरले भने राहदानीका फाराम भरेको मात्रै ५०० देखि दुई हजार रूपैयाँसम्म लिँदै आएका थिए ।

व्यक्तिले छोटो समयका लागि खुल्ने अनलाइनमा आवश्यक कागजात राख्दाराख्दै बन्द हुने कारण हैरानी खेप्दै आएका थिए । साइबरले पनि पालोमा राख्दा महिनौं कुर्नुपर्ने बाध्यता रहँदै आएको थियो । 'आफैं भर्दा र साइबरलाई लगाउँदा धेरै सास्ती भयो, अहिले प्रशासन आफैंले फाराम भर्ने गर्न थालेपछि धेरै दिन कुर्नुपर्दैन,' बनेपा नगरपालिका-६ का सागर श्रेष्ठले भने ।

हाल कार्यालय आफैंले उक्त फाराम भरिदिएपछि नागरिकलाई आर्थिक भार घटेको छ । कर्मचारी, बैंक तथा सेवाग्राहीको सहयोग र समन्वयले नागरिकलाई दैनिक सेवामा सहज र सरल भएको बताइन्छ । यस्तै कार्यालयले राहदानीझैं नागरिकता र राष्ट्रिय परिचयपत्रका सेवामा सहज बनाउँदै लगेको छ । परिचयपत्रका दुई स्टेसनमा थपेर तीन बनाइएको छ । कार्यालयबाट गत माघमा दुई हजार ८१ र फागुनमा दुई हजार ४७१ ले राष्ट्रिय परिचयपत्र आवेदन दिएका छन् । *रासस*

# अपांगता भएका बालबालिका विद्यालयबाहिर

**चितवन–** जिल्लाको दुई पालिकामा १३९ जना अपांगता भएका बालबालिका विद्यालयबाहिर रहेका छन् । समावेशी शिक्षा परियोजनाले आइतबार यहाँ आयोजना गरेको सञ्चारकर्मीसँग छलफलका क्रममा सो तथ्यांक सार्वजनिक गरिएको हो ।

भरतपुर महानगरपालिका र कालिका नगरपालिकामा रहेका २८९ अपांगता भएका बालबालिकामध्ये १३९ विद्यालय जान नपाएका हुन् । भरतपुरमा अपांगता भएका बालबालिका १०२ र कालिकामा ३७ विद्यालयबाहिर छन् ।

भरतपुरभित्र ५० र कालिकामा १९ बालबालिका जटिल प्रकारको अपांगता भएको पाइएको कार्यक्रममा राष्ट्रिय बहिरा महासंघकी शर्मिला तामाङले जानकारी दिइन् । उनीहरूलाई घरमा नै गएर सेवा दिइँदै आएको उनले बताइन् ।

इनक्लुसिभ फ्युचर्स परियोजनाले दुई पालिकामा दुईवटा स्रोत केन्द्र सञ्चालन गर्दै आएको छ । भरतपुरको बालकुमारी माध्यमिक विद्यालय र कालिकाको रेडक्रस चोकमा केन्द्र सञ्चालन गर्दै आएको छ । भरतपुरमा अहिले तीन र कालिकामा नौ बालबालिका केन्द्रमा छन् ।

अटिजम केयर चितवन सोसाइटीकी प्रमिला न्यौपानले जिल्लामा अटिजम भएका ५०० भन्दा बढी बालबालिकाको अभिभावक सम्पर्कमा आएको जानकारी दिइन् । उनीहरूमध्ये ३०० हाराहारी भरतपुरभित्रका छन् । विश्वमा जन्मने ४४ बालबालिकामध्ये एक जनामा अटिजमको समस्या देखिने गरेको उनले जानकारी दिइन् । भरतपुरले सञ्चालन गरेको अटिजम विद्यालयमा अहिले ३१ बालबालिका अध्ययन गर्दै आएका छन् । *रासस*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३१८ चैत ०५ गते २०७९ मा प्रकाशित **Omega International Pvt. Ltd.** को Lot No. 265070 को **Woodcraft studio** कम्पनीको विज्ञापनमा **मलेसियामा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३१९ चैत ०६ गते २०७९ मा प्रकाशित **Omega International Pvt. Ltd.** को Lot No. 269566 को **Multi-Code Electronics Industries (M) Berhad** कम्पनीको विज्ञापनमा पुरुष कामदारमा Factory Worker हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/०४ गते निम्न विवरणको Pulsar 220CC Model को रातो, कालो रङको मोटरसाइकल का.म.न.पा.वडा नं.३२, कोटेश्वर स्थित घर अगाडि पार्किङ गरिराखेको अवस्थामा अन्दाजी साझको ७:०० बजेको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**धनीको नाम : रंजित कुमार सरदार**
**बाइक नं.: बा.प्र -०२-०३६ प ७६५९**
**च्यासिस नं.:** MD2A13EX3NCK81395
**इन्जिन नं. :** DKXCNK35194
**ठेगाना: कोटेश्वर ३२, काठमाडौं**
**मो. :** 9813959511, 9749355730

## बिमालेख हरायो

मिति २०७९/१०/२३ गते, चावहिलदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : रेजिना रोकाय
बिमालेख नं : ०९१०००२७८४
(Gurash Life Insurance Company)
ठेगाना : किर्तिपुर, काठमाडौं
सम्पर्क नं : ९७४१७१७०१५

## कम्पनीको नाम परिवर्तन उद्देश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०७९/१२/०७**

यस कम्पनीको मिति २०७९/१०/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **Dailo Trading & Investment Pvt. Ltd** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **Dailo Impact Ventures Pvt. Ltd** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **Dailo Impact Ventures Pvt. Ltd** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : RAOOM TRADING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 282352 | चलानी नं. ६०१९८४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 2 | 0 | 1200 | ४१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SAYYAD NETWORK RESTAURANTS FOR SEAFOOD

पूर्व स्वीकृति मिति २०७९/१२/०६ | LT. No.283020 | चलानी नं. ६०१९८४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIME GUARDS SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ | LT. No. 273008 | चलानी नं. ६०१८८९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 13 | 0 | 1500 | ४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ECOOILS (NEGERI SEMBILAN) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/११/१९ | LT. No. 281994 | चलानी नं. ६०१९७५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PIONEERING DEVELOPMENT COMPANY FOR MAINTENANCE AND CLEANING ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ | LT. No. 281266 | चलानी नं. ६०१९६७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 30 | 0 | 1000 | ३४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal, Mobile :9801101712, 9801101715
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMA GENERAL ARCHITECTURAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७९/१२/०६ | LT. No. 282997 | चलानी नं. ६०१९८४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 6 | 0 | 1200 | ४१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Govt. Licence No.: 1312/074/75
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND HOTEL KUWAIT

पूर्व स्वीकृति मिति २०७८/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ | LT. No. 255767 | चलानी नं. ६०१६५१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery & Pastry Chef | 0 | 1 | 130 | ५५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Barista | 3 | 3 | 140 | ५९,५१५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 4 | Chef De Partie | 1 | 1 | 200 | ८५,०२५ | | | | | | | |
| 5 | Commi Chef | 2 | 1 | 120 | ५१,०१५ | | | | | | | |
| 6 | Demi Chef | 2 | 1 | 160 | ६८,०२० | | | | | | | |
| 7 | Driver | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 8 | Executive Housekeeper | 1 | 0 | 280 | ११९,०३५ | | | | | | | |
| 9 | General Technician | 1 | 0 | 170 | ७२,२७० | | | | | | | |
| 10 | Housekeeping Attendant | 6 | 8 | 100 | ४२,५१० | | | | | | | |
| 11 | Housekeeping Supervisor | 0 | 1 | 180 | ७६,५२० | | | | | | | |
| 12 | Kitchen Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 13 | Laundry Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 14 | Laundry Man | 2 | 2 | 100 | ४२,५१० | | | | | | | |
| 15 | Painter | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 17 | Receptionist | 1 | 1 | 150 | ६३,७६५ | | | | | | | |
| 18 | Sous Chef | 1 | 0 | 300 | १२७,५३५ | | | | | | | |
| 19 | Steward | 8 | 0 | 100 | ४२,५१० | | | | | | | |
| 20 | Waiter/waitress | 2 | 4 | 110 | ४६,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## क्रोएसिया र कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVIRA D.O.O.

पुर्व स्वीकृति मिति २०७९/३/२८ | पुन स्वीकृति मिति २०७९/१२/६ | LT No : 267172 | चलानी नं. ६०१९८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 800 | ११३३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef | 10 | 5 | 1050 | १४८७१६ | | | | | | | |
| 3 | factory worker | 20 | 10 | 575 | ८१,४४० | | | | | | | |
| 4 | Garment Tailor | 10 | 10 | 800 | ११३३०७ | | | | | | | |
| 5 | Heavy Driver | 10 | 0 | 1050 | १४८७१६ | | | | | | | |
| 6 | Housekeeping | 25 | 25 | 575 | ८१,४४० | | | | | | | |
| 7 | Kitchen Helpe | 20 | 10 | 575 | ८१,४४० | | | | | | | |
| 8 | MASON | 10 | 0 | 800 | ११३३०७ | | | | | | | |
| 9 | STEEL FIXER | 10 | 0 | 800 | ११३३०७ | | | | | | | |
| 10 | Waiter/Waitress | 25 | 25 | 575 | ८१,४४० | | | | | | | |
| 11 | Warehouse Worker | 15 | 0 | 575 | ८१,४४० | | | | | | | |
| 12 | WELDER | 10 | 0 | 800 | ११३३०७ | | | | | | | |

कम्पनी : HINT SALON CO.FOR LADIES BEAUTY

पुर्व स्वीकृति मिति २०७९/१२/६ | LT No : 282986 | चलानी नं. ६०१९८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 3 | 90 | ३८८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hairdresser | 0 | 3 | 150 | ६४६७५ | | | | | | | |
| 3 | Manicurist | 0 | 4 | 150 | ६४६७५ | | | | | | | |
| 4 | Massage Therapist | 0 | 3 | 150 | ६४६७५ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 150 | ६४६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# प्रभाव दैनिक

मंगलबार, ७ चैत २०७९ (Tuesday, March 21, 2023)


रूपशाला

## चैत १० बाट 'यौटा सपनाको अवसान'

एक्टर्स स्टुडियो र मण्डला थिएटरको सहकार्यमा नाटक 'यौटा सपनाको अवसान' मञ्चन हुने भएको छ । अगामी चैत १० गतेदेखि सुरू हुने नाटकका निर्देशक अनुप बराल र निर्माता गोविन्द पराजुली हुन् । एक महिनासम्म चल्ने नाटकले खुसी र सुखको परिभाषालाई वहसमा ल्याउनेछ । 'यौटा सपनाको अवसान' अमेरिकी नाटक 'डेथ अफ अ सेल्समेन' को नेपाली अनुवाद हो । आर्थर मिलर लिखित नाटकलाई विप्लव प्रतिकले नेपालीमा अनुवाद गरेका हुन् । नाटक विधातर्फ पुलित्जर पुरस्कार र टोनी अवार्ड जित्न सफल यो नाटकलाई २० औँ शताब्दीको उत्कृष्ट नाटकमध्ये एक मानिन्छ । अमेरिकामा ७ सयभन्दा ज्यादा पटक मञ्चन भएको नाटक विश्वका धेरै देशमा मञ्चन भएको छ ।




# झलकको 'डाँडै पिपल'मा सुधिर र आरुषी



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक झलक पुनको डाँडै पिपल बोलको गीतको भिडियो रिलिज भएको छ । गायक झलक र गायिका समिक्षा अधिकारीको स्वरमा तयार डाँडै पिपलमा पछिल्लो समयका चर्चित गीतकार तथा संगीतकार दीपक शर्माको शब्द तथा संगीत रहेको छ । लोक शैलीमा तयार पारिएको छमछम नचाउने डाँडै पिपलको एरेन्ज नरेन्द्र बियोगीले गरेका हुन् ।

भिडियोमा पछिल्लो समयका चर्चित मोडलद्धय सुधिर श्रेष्ठ र आरुषी मगरको बेजोड अभिनय देख्न सकिन्छ । लोक शैलीको रोमान्टिक डाँडै पिपललमा एक जोडीको सफल प्रेम कहानीलाई निर्देशक मौसम हिमालीले कलात्मक शैलीमा तयार पारेका छन् । भिडियोमा प्रेमीलाई गर्मी हुँदा प्रेमीकाले शितलता दिने र प्रेमीकालाई घाम हुँदा प्रेमीले चर्को घाम सहने कुरा रोमान्टिक लाग्छ । जसमा सुधिर आरुषी गज्जबसँग खुलेका छन् ।

म्याग्दीको बरंजामा जन्मे हुर्केका गायक झलकले चौबन्दी चोली बोलको गीतबाट गायन यात्रा सुरु गरेका हुन् । अध्ययनको शिलशिलामा राजधानी काठमाडौं आएर अध्ययनसँगसँगै गीत संगीतमा पनि लागेका झलक हाल अष्ट्रेलियामा रहेका छन् । उनका मगरको छोरो सालैजो भाका, झरी परेको त्यो दिन पप, लगायत अन्य गीतका भिडियोहरू बजारमा आइसकेका छन् । सार्वजनिक डाँडै पिपलमा नवराज उप्रेती छायांकन, नबिन घर्ती मगरको सम्पादन रहेको सार्वजनिक गीतको भिडियो गायक झलक पुनको आफ्नै अफिसियल युट्युब च्यानल झलक पुनबाट रिलिज गरिएको हो ।

# प्रेमकथा प्रयोग गर्दै गोविन्द



■ प्रभाव संवाददाता

**काठमाडौं–** आधा दर्जन नेपाली फिल्ममा सह-निर्देशक रहेर काम गरेका निर्देशक गोविन्द सिंह भण्डारीले आफ्नो पूर्ण निर्देशकीय 'डेब्यू' फिल्म 'रणवीर'बाट राम्रै चर्चा पाए । साउथ फिल्ममा काम गरिसकेका भण्डारीले साउथको एक्सन फ्लेभरलाई 'रणवीर'मा प्रस्तुत गरेका थिए । अहिले यिनै गोविन्द प्रेमकथाको फिल्म 'प्रेमा'लिएर आगामी चैत १७ (मार्च ३१)बाट दर्शकमाझ आउँदै छन् । फिल्ममा शुभेक्षा खड्का, सृष्टि श्रेष्ठ र अरुण क्षेत्रीको प्रमुख भूमिकामा अभिनय छ । फिल्मको तेलुगु, तमिल र हिन्दी भर्सन ओटीटीमा रिलिज हुँदै छ ।

### पहिलो लेखन प्रेमा

लेखनका हिसावले 'प्रेमा' भए पनि निर्देशन र रिलिजको हिसाबले 'रणवीर' पछि दोस्रो फिल्म हुनेछ । 'प्रेमकथाले दर्शकलाई रोमान्टिक बनाउँछ र यसले मान्छेलाई जोड्ने काम गर्छ । कुनै न कुनै उमेरमा आफूभन्दा विपरित लिगसँग जोकोही आकर्षित हुने गर्छ', उनी भन्छन्, 'मैले प्रेमा र रणवीरको स्क्रिप्ट सँगै लेखेको थिएँ । पहिला प्रेमा बनाउन चाहन्थे, तर समय र परिस्थितिले गर्दा रणवीर बन्यो ।'

### प्रेमाको जन्म

गोविन्दका अनुसार 'प्रेमा' वास्तविक व्यक्तिबाट प्रभावित भएर लेखिएको थियो । गोविन्दले जीवनको कुनै समयमा एक युवती भेटेका थिए, जोबाट प्रभावित भएर उनले 'प्रेमा' लेखे । 'प्रेमाको वास्तविक चरित्र जुन युवतीमा पाएँ, त्यो चरित्रलाई समातेर अघि बढ्न सक्छु भन्ने लाग्यो । किनकी ऊ साधारण भएर पनि उसमा अरुलाई आफूतिर आकर्षण गर्ने क्षमता छ । मान्छेहरू बढी चमकधमक भएको वस्तुतिर आकर्षित हुन्छन् । तर प्रेमाको चरित्र आफैंमा शान्त सुशील हुँदा पनि उसमा आकर्षक व्यक्तित्व छ', गोविन्द भन्छन्, 'त्यो चरित्रलाई लिएर कथा भन्न मन थियो । मान्छेको जीवनमा केही घटना यस्ता हुन्छन्, जुन उसले कहिल्यै बिर्सन सक्दैन । प्रेमाको कथा पनि त्यस्तै घटनाबाट प्रभावित भएर लेखिएको हो ।'

### प्रेमाको अर्थ

गोविन्दाका अनुसार 'प्रेमा' संस्कृतबाट आएको शब्द भए पनि यसलाई तेलुगूमा बढी प्रयोग गरिन्छ । जसको अर्थ 'माया' हो । नेपाली फिल्ममा जुनसुकै गीतमा ' माया' शब्द जोडिए जस्तै साउथका हरेक फिल्मका गीतमा 'प्रेमा' अनिवार्य जस्तै छ ।

### पात्र भेट

गोविन्दले वास्तविक पात्रलाई नियमित रूपमा त भेटेनन् । तर जति भेट भयो, त्यो पात्रलाई जान्ने र बुझ्ने अवसरले उनलाई कथालाई अगाडि बढाउने बाटो देखाइदियो । 'आम रूपमा कोही राम्री युवती देख्दा उसलाई जिस्क्याउने अथवा नराम्रो नजरले हेर्ने गरेको देखिन्छ । तर 'प्रेमा'को वास्तविक चरित्रको सवालमा फरक अवस्था थियो । उसलाई कसैले पनि गलत अर्थ र गलत नजरले हेरेको र बोलेको सुनिनँ । सबैले सम्मानपूर्व उनको प्रशंसा गर्थे', गोविन्दले सम्झिए, 'त्यो मेरा लागि 'सरप्राइज' नै थियो । '

### डोभ एस-सिमेन्सबाट प्रभावित

गोविन्द भारतमा बस्दा उनले हलिउड फिल्म निर्देशक डोभ-एस सिमेन्सको बारेमा सुनेका र पढेका थिए । डोभ चिनियाँ फिल्म एकेडेमीका संस्थापक, हलिउड फिल्म इनिस्टिच्युटका संस्थापक र ग्लोबल फिल्म स्कुलका डिन तथा संस्थापक हुन् । डोभ प्रशिक्षणका लागि नेपाल पनि आइसकेका छन् ।

गोविन्दले डोभ एस-सिमेन्सले टु डे फिल्मस् स्कुलमा दिएको प्रशिक्षणको भिडियो कोर्षलाई अनलाइनमा हेरेर फिल्म मेकिङ सम्बन्धी प्रशिक्षण लिएका थिए । 'सिमेन्सले 'पहिलो फिल्म गर्दा बजेट सीमित राख्नु, काम यस्तो होस् कि निर्देशकको काम बढी देखियोस्' भन्नुहुन्थ्यो । गीतलाई कोरियोग्राफी, एक्सनलाई फाइटमास्टर राखिदिँदा निर्देशकको काम के त ? त्यसकारण कथावाचनको शैली राम्रो हुनुपर्छ भन्नुहुन्थ्यो । चरित्र र सिमेन्सको भनाईलाई लिएर प्रेमा लेखेको हुँ', उनले भने ।

### यसरी छानिए कलाकार

गोविन्दको बुझाईमा स्क्रिप्ट लेख्दा एउटा 'इमेज' दिमागमा आउँछ । 'प्रेमा' लेखिरहँदा उनको दिमागमा पात्रको कपाल, अनुहार, उचाई र शरीरको वनावट बनाइसकेको थियो । शुभेक्षासँग उनले 'रणवीर'मा काम गरिसकेका थिए । त्यसकारणले शीर्ष चरित्रमा शुभेक्षा 'फिट' छिन् भन्ने कुरामा उनी ढुक्क थिए । 'म वास्तविक पात्र र फिल्मको पात्रसँग नजिक थिएँ । शुभेक्षासँग पहिला पनि काम गरिसकेको हुनाले शुभेक्षाले प्रेमा चरित्र निर्वाह गर्न सक्छिन् भन्नेमा म ढुक्क थिएँ', गोविन्द भन्छन्, 'शुभेक्षालाई सबै कुरा भनेर, स्क्रिप्ट पढ्न लगाएर, न्यारेसन सुनाएर ' तिमी क्रिएटिभली स्क्रिप्ट मनपर्छ भने मात्र काम गर' भनें ।'

गोविन्द नयाँ अनुहारसँग काम गर्न मनपराउँछन् । फिल्मका लागि चाहिने प्रमुख पुरुष पात्रका लागि उनले धेरैजनासँग अडिसन लिएका थिए । तर उनले सोचेको जस्तो पात्र फेला पार्न सकेका थिएनन् । त्यही बेला फिल्म सम्पादक कृष्ण भण्डारीले अरुण क्षेत्रीको नाम लिए । अरुण त्यो समयमा रेनाशा वान्तवा राईको फिल्म 'आइ एम २१'मा काम गरिरहेका थिए । कृष्णले अरुणसँग कुरा गरेर उनको तस्वीर गोविन्दलाई पठाइदिए । तस्वीर हेर्दा उनले खोजकै जस्तो पात्र अरुणमा पाए । 'तर तस्वीरमा भन्दा वास्तविकतामा मानिस फरक हुन्छन् । मैले अरुणको अडिसन लिनुभन्दा पनि सुटिङ हेर्ने बहानामा उसको काम हेर्छु भन्ने निर्णय लिएँ । सुटिङमा गएर हेर्दा अरुणको काम, शारीरिक हाउभाउ राम्रो लाग्यो । अनि उसलाई अडिसनमा बोलाएँ', गोविन्दले सम्झिए ।

### सृष्टिबाट प्रभावित गोविन्द

सृष्टिसँग गोविन्दको पहिलो सहकार्य हो । तर उनले सृष्टिका फिल्म भने हेरेका थिए । सृष्टिसँगको पहिलो सहकार्यबाटै उनी प्रभावित भएका रहेछन् । 'सृष्टि काममा ध्यान दिने कलाकार हुन् । यो तरिकाले काम गर्ने मान्छेसँग मैले अहिलेसम्म सहकार्य गरेको थिइनँ', गोविन्द भन्छन्, 'सृष्टि प्रि-प्रोडक्सनअन्तर्गत वर्कसपमा नोट लिएरै बस्थिइन् । म बोलिरहँदा उनी नोट गरिरहेकी हुन्थिइन् । उसले के लेखिरहेको छ भन्ने हामीलाई थाहा पनि हुँदैन थियो । उनी समयमै सुटिङ सेटमा आउँथिइन् । कतै ढिलो हुने अवस्था भएमा खबर गर्थिइन् । उसको फिल्म हेरिसकेको हुनाले काम गर्न गाह्रो हुँदैन भन्ने अनुभव भयो ।'

## रंगशाला

**यू-१७ महिला साफ**

# नेपाल भारतसँग पराजित



**काठमाडौं (प्रस)–** साफ यू-१७ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको पहिलो खेलमा नेपालले हार व्यहोरेको छ । ढाकामा सोमबार भएको खेलमा नेपाललाई भारतले ४-१ गोल अन्तरले हराएको हो ।

खेलको दशौँ मिनेटमा शिल्जी शाजीले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएका थिइन् । ४० औं मिनेटमा शाजीले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई २-० को अग्रता दिलाईन । ४१ औं मिनेटमा पूजाले गोल गर्दा भारत पहिलो हाफमा ३-० ले अघि रह्यो । खेलको ५४ औं मिनेटमा वर्षा ओलीले गोल गर्दै नेपाललाई ३-१ को स्थितिमा ल्याईन् । तर, खेलको ८० औं मिनेटमा शाजीले ह्याट्रिक पूरा गर्दै भारतलाई ४-१ को जित दिलाईन् ।

जितसँगै भारतले पहिलो खेलमा ३ अंक जोडेको छ । नेपालले हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । प्रतियोगितामा आयोजक बंगलादेश, नेपाल, भारत, भुटान र रसियाको सहभागिता रहेकोछ । अब नेपालले दोस्रो खेलमा बुधबार भुटानसँग खेल्नेछ । त्यस्तै अर्को आइतबार रुससँग खेल्नेछ । नेपालले अर्को हप्ताको मंगलबार आयोजक बंगलादेशसँग खेल्नेछ । राउण्ड रोबिनको आधारमा हुने प्रतियोगिताको शीर्ष टोलीले उपाधि जित्नेछ ।

# थ्री-नेसन्स कपको तयारी पूरा




**काठमाडौं (प्रस)–** प्रधानमन्त्री कप थ्री नेसन्स कप फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले सोमबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजना थ्री नेसन्स कप चैत ८ देखि १७ गतेसम्म हुँदै छ । प्रतियोगितामा नेपाल, भुटान र लाओसले प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगिताका लागि भुटान र लाओसको टोली सोमबार नेपाल आईसकेका छन् । सिंगल राउण्ड रोबिनको आधारमा हुने प्रतियोगिता शीर्ष दुई टोलीले उपाधिका लागि चैत १७ गते खेल्ने छन् ।

प्रतियोगिताको विजेताले ५ हजार अमेरिकी डलर, दोस्रोले ३ हजार डलर पाउने एन्फाले जनाएको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले ५ सय अमेरिकी डलर र खेलको म्यान अफ दि म्याचले २५० डलर पाउने छन् । प्रतियोगिताको पुरस्कार राशी राष्ट्रिय खेलकुद परिषद (राखेप) ले उपलब्ध गराउने छन् । पहिलो खेलमा नेपालले लाओससँग चैत ८ गते खेल्नेछ । चैत ११ गते भुटान र लाओस भिड्ने छन् ।

त्यस्तै चैत १४ गते नेपाल र भुटान भिड्ने छन् । नेपालले नवनियुक्त मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनीसको प्रशिक्षणमा प्रतियोगिता खेल्नेछ । प्रतियोगितामा एन्फाले दुई फरक टिकट दर राखेको छ । सामान्य प्यारापिटतर्फ ५ सय र भीभीआईपीतर्फ १ हजार टिकट दर राखिएको एन्फाले जनाएको छ । टिकट खल्ती एपबाट किन्न सकिनेछ । प्रतियोगिताको मार्केटिङ र ब्रोडकाष्टिङ अधिकार एमडीएसी स्पोर्ट्स प्रालिलाई दिईएको जनाएको छ । एमडीएसीले २० लाख २० हजारमा मार्केटिङ र ब्रोडकाष्टिङ अधिकार पाएको एन्फाले जनाएको छ ।


## Baijanath Rural Municipality
**Office of the Rural Municipal Executive**
**Rampur, Banke**
**Lumbini Province, Nepal**

## Invitation For Bids

**First Date Of Publication:- 2079/12/07 (Mar-21- 2023 )**

Baijanath Rural Municipality, Office of the Rural Municipal Executive, Rampur ,Banke invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 2 | BRM/NCB/ SQ/GOODS/ 02-2079/080 | Supply And Delivery of Different Medicine For Baijanath Rural Municipality Office, Baijanath-05, Rampur, Banke | 75 days | **40,07,660/-** | 1,01,000/- | 1000.00/- | |

### Further Information to bidders;

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/12/22 ( April-5-2023 )( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/12/22 ( April-5-2023 ); at 2:00PM, At Baijanath Rural Municipality Office, Rampur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | NIC ASIA, Banke, Kohalpur Branch, AC.Name Baijanath Gaunpalika aantarik Rajaswa Khata **059CA59498380006** |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR NICASIA Bank, Kohalpur Branch, Account Number : 5941498380524002 (Dharautikhata) |

1. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal **http://bolpatra.gov.np/egp** and for other additional information please contact Baijanath Rural Municipality Office, Rampur, Banke.
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

# जापानी प्रधानमन्त्री किशिदा भारत भ्रमणमा

**नयाँ दिल्ली–** जापानका प्रधानमन्त्री फुमियो किशिदा दुई दिने भारत भ्रमणका लागि सोमबार भारत आइपुगेका छन् । किशिदालाई केन्द्रीय मन्त्री राजीव चन्द्रशेखरले दिल्लीको विमानस्थलमा स्वागत गरेका छन् । भ्रमणका क्रममा किशिदाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्नुका साथै जापानको इण्डो-प्यासिफिक रणनीति र उसको नयाँ प्रतिरक्षा प्रणालीका बारेमा पनि सम्बोधन गर्ने छन् ।

पन्ध्र वर्षअघि प्रधानमन्त्री शिन्जो आबेले आफ्नो दिल्ली भ्रमणका क्रममा इण्डो-प्यासिफिक सहकार्यका बारेमा पहिलोपटक बोलेका थिए । दुवै प्रधानमन्त्रीले दिल्लीस्थित बुद्ध जयन्ती पार्कमा सँगै पदयात्रा गरी गौतम बुद्धको पालाको गहिरो जरा भएको पूज्य वृक्ष बालबोधीको अवलोकन गर्ने बताइएको छ ।

भारत र जापानबीचको सम्बन्ध सन् २००० मा 'विश्व साझेदारी', सन् २००६ मा 'रणनीतिक तथा विश्व साझेदारी' र सन् २०१४ मा 'विशेष रणनीतिक तथा विश्व साझेदारी' मा परिणत भएको थियो । दुवै देशले सन् २००६ देखि नियमितरूपमा वार्षिक शिखर सम्मेलन गर्दै आएका छन् । पछिल्लो वार्षिक शिखर सम्मेलन मार्च २०२२ मा नयाँ दिल्लीमा भएको थियो । किशिदाले आफ्नो ट्वीटर अकाउन्टमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने जानकारी दिएका छन् । भारतीय विदेश मन्त्रालयले मार्च १० मा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दुई नेताबीच पारस्परिक हितका द्विपक्षीय र क्षेत्रीय विषयमा छलफल हुनेछ ।' किशिदाले आफ्नो भारत बसाइका क्रममा स्वतन्त्र र खुला इण्डो-प्यासिफिकका लागि नयाँ योजनाको घोषणा गर्ने बताए ।

उनले स्वतन्त्र र खुला इण्डो-प्यासिफिकको भविष्यका बारेमा विचार प्रस्तुत गर्ने बताए । 'यसका साथै, भारतमा रहँदा म स्वतन्त्र र खुला इण्डो-प्यासिफिकसम्बन्धी नयाँ योजनाको घोषणा गर्नेछु । हामी यस ऐतिहासिक मोडमा एफओआइपीको भविष्यको बारेमा ठोस विचारहरू प्रस्तुत गर्नेछौं,' किशिदाले सम्प्रेषण गरेको ट्वीटमा भनिएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जापान 'अत्यन्त महत्त्वपूर्ण साझेदार' भएको र भारत विचार आदानप्रदानका लागि तत्पर रहेको बताए । उनले भारतीय प्रधानमन्त्री मोदी र उनका जापानी समकक्षीबीच हुने छलफलका बुँदाबारे विस्तृत जानकारी नगराई जापान भारतको धेरै महत्त्वपूर्ण साझेदार भएको बताए ।

भारत र जापानबीच सन् २०२२ को मार्चमा भएको पछिल्लो बैठकपछि नयाँ दिल्ली र टोकियोले क्रमशः जी-२० र जी-७ को अध्यक्षता सम्हालिरहेकाले द्विपक्षीयस्तरमा संलग्न हुनका लागि यो महत्त्वपूर्ण समय हो । दुवै देशबीच रक्षा तथा सुरक्षा, व्यापार तथा लगानी, विज्ञान तथा प्रविधि, शिक्षा, स्वास्थ्य सेवा र महत्त्वपूर्ण उदीयमान प्रविधिलगायत विभिन्न क्षेत्रमा साझेदारी रहेको छ । *रासस/एएनआई*

# मध्य अफ्रिकामा ९ चिनियाँ नागरिकको हत्या

**बाम्बारी, सेन्ट्रल अफ्रिकन रिपब्लिक–** मध्य अफ्रिकी गणतन्त्रमा 'सशस्त्र व्यक्तिहरू'ले आक्रमण गरी नौ जना चिनियाँ कामदारको हत्या गरिएको छ । आक्रमणको निन्दा गर्दै चिनियाँ राष्ट्रपति सी चिनफिङले दोषीलाई कडाभन्दा कडा कारबाही गर्न माग गरेका छन् ।

मध्य सहरका मेयर एबेल म्याचिपाटाले बाम्बारी नजिकै बिहान ५ :०० बजे 'सशस्त्र व्यक्तिहरू'ले विदेशी कामदारमाथि आक्रमण गरेको पुष्टि गरेका छ । उनले एएफपीसँग कुरा गर्दै भने, 'आक्रमणका कारण नौ जनाको मृत्यु र दुई जना घाइते भएका छन् ।' मृतकहरू आफ्नो सहरबाट २५ किलोमिटर टाढा गोल्ड कोस्ट ग्रुपले सञ्चालन गरेको खानीमा चिनियाँ कामदार रहेको उनले बताए ।

चीनको विदेश मन्त्रालयले मृतकको संख्या पुष्टि गरेको छ । राष्ट्रपति सीले मध्य अफ्रिकी गणतन्त्रका अधिकारीहरूलाई हत्यामा संलग्नहरूलाई 'कडा सजाय' दिन आग्रह गरेका पनि मन्त्रालयले जनाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रपति सीले घाइतेको उपचार गर्न, घटनाको समयमा नै व्यवस्थापन गर्न, दोषीलाई कानुनबमोजिम कडा सजाय दिन र चिनियाँ नागरिकको सुरक्षा सुनिश्चित गर्न हरसम्भव प्रयास गर्न आदेश दिनुभएको छ ।' स्थानीय अधिकारीहरूले आक्रमणको थप विवरण सार्वजनिक गरेका छैनन् र यसको जिम्मेवारी पनि लिएका छैनन् ।

एएफपीका एक पत्रकारका अनुसार चिनियाँ राजदूत ली किन्फेङ र मध्य अफ्रिकी गणतन्त्रका विदेशमन्त्री सिल्भी बाइपो टेमोनको पहलमा मृतकको शव राजधानी बान्गुईस्थित एक अस्पतालमा लगिएको छ । *रासस/एएफपी*

# कुवेतको तेल कम्पनीद्वारा आपत्कालीन अवस्थाको घोषणा

**कुवेत सिटी–** जमिनमा तेल चुहिएपछि कुवेत आयल कम्पनीले सोमबार 'आपत्कालीन अवस्था'को घोषणा गरेको छ । कुवेती सञ्चारमाध्यमले सार्वजनिक गरेको भिडियोमा तेलको ठूलो मात्राले पेट्रोलियम पदार्थ बग्दा बज्दै गरेको पाइप घेरिएको देखिएपछि सरकारी स्वामित्वको कम्पनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'देशको पश्चिमी भागमा तेल चुहिएपछि आपत्कालीन अवस्था घोषणा गरिएको छ ।'

कम्पनीका प्रवक्ता कुसाई अल-आमेरले भने, 'यो चुहावट जमिनमा भएको भए पनि आवासीय क्षेत्रमा नभएकोले चुहावटका कारण कुनै चोटपटक लागेको छैन र उत्पादनमा पनि कुनै असर परेको छैन ।' चुहावटको स्रोत पत्ता लगाउन र घटनालाई नियन्त्रण गर्न टोलीहरू पठाइएको छ तर अहिलेसम्म चुहावट कहाँबाट भएको भन्नेबारे थाहा भइनसकेको अल-अमेरले बताए ।

कुवेतको अल राई अखबारले ट्वीटरमा एउटा भिडियो सार्वजनिक गरेको छ जसमा एउटा पाइपबाट बाँझो जमिनमा ठूलो परिमाणमा तेल चुहेको देखिएको छ । यद्यपि, एएफपीका सम्वाददाताले यो फुटेजलाई स्वतन्त्ररूपमा पुष्टि गर्न नसकिएको बताएका छन् । कुवेत एक प्रमुख तेल उत्पादक देश हो जहाँ सरकारले करिब ९० प्रतिशत राजस्व तेलबाट आर्जन गर्छ ।

पेट्रोलियम निर्यातक देशहरूको संगठन (ओपेक) को प्रमुख सदस्य राष्ट्रमध्ये एक कुवेतले हाल प्रतिदिन लगभग २७ लाख ब्यारेल कच्चा तेल उत्पादन गरिरहेको छ । कुवेत आयल कम्पनीले यसअघि सन् २०२० र २०१६ मा आफ्नो क्षेत्रमा तेल चुहावट भएको जानकारी दिएको थियो । सन् २०१७ मा पनि केही दिनको अन्तरालमा किनारमा दुईवटा चुहावटका घटना भएको कुवेती अधिकारीले बताएका छन् । *रासस/एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMEN STEEL INDUSTRIES SENDIRIAN BERHAD

पूर्व स्वीकृति मिति २०७९/०४/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 268338 चलानी नं. ६०१८४२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WALDORF ASTORIA LUSAIL HOTEL

पूर्व स्वीकृति मिति २०७९/०१/२२ LT. No.262724 चलानी नं.६०१७४६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 11 | 25 | 1000 | ३५७८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services | 5 | 15 | 1800 | ६४४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत १४ गते (28th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.** LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550

Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com

Website : www.lefrn.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE BAO CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२२ पून : विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ LT. No.275030 चलानी नं. ६०१८६३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 275030 मिति: २०७९/१२/०६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

श्रम ईजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594

E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YES YEM YECH INDUSTRIAL SERVICES CO. LTD

पुर्व स्वीकृति मिति २०७९/०१/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT No.261873 चलानी नं.६०१७८४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३४,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Vehicle Driver | 1 | 0 | 1800 | ६२,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:

(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI GRADED INDUSTRIES SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०४/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 267372 चलानी नं. ६०१८३४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.** Govt. License 404/060/061

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal

Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937

E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARMANALI PROPERTIES MANAGEMENT CO. WLL

पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 282951 चलानी नं. ६०१९८४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Boy | 2 | 0 | 150 | ५२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gulf Link Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ५८३/०६२/०६३

Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004

Fax: +977-1-4006626, Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com

Website: www.gulflinkoverseas.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-THABAT HOLDING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०६ LT. No. 277646 चलानी नं. ६०१९३२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner public buildings | 0 | 5 | 120 | ४१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Care Professional Service Pvt.Ltd.** श्रम ईजाजत नं. १३०८/०७४/०७५

Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4439821, 4417142

Fax: +977-1-4439821 E-mail: info@cpsn.com.np



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOKAI AICHI KEIEI SHIEN KYODO KUMIAI

पूर्व स्वीकृति मिति २०७९/१२/०६ LT. No. 283030 चलानी नं. ६०१९८४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 166,500 | १,६७,१८० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**ALL RAHIM MANPOWER PVT. LTD.** श्रम ईजाजत नं. १२६४/०७४/०७५

Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544419, 4544429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARAB FRIENDS COMPANY

पुर्व स्वीकृति मिति:२०७९/१२/०६ LT. No. :282984 चलानी नं.:६०१९८४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 10 | 0 | 1000 | ३४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PALM SPRINGS CO. LTD

पुर्व स्वीकृति मिति:२०७९/१२/०६ LT. No. :282995 चलानी नं.:६०१९८४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil Cleaner | 29 | 0 | 1000 | ३४,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 9 | 0 | 1000 | ३४,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd** श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १३४५ |



**हिमालको काखैमा गहुँखेती** | म्याग्दीको बेनी नगरपालिका–१ रत्नेचौरबाट देखिएको धौलागिरि हिमाल र गहुँखेतीको मनोरम दृश्य । *तस्बिर: कमल खत्री/रासस*

# 'अर्थतन्त्रका संरचनागत र नीतिगत त्रुटि सच्याउनुछ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचन्डले मुलुकको अर्थतन्त्रमा सुधार देखिएता पनि अझै धेरै संरचनागत, प्रणालीगत कमजोरी र नीतिगत त्रुटि सच्याउन बाँकी नै रहेको स्वीकार गरेका छन् । सोमबार संसदमा विश्वासको मत माग्नेक्रममा उनले यस्तो स्विकारोक्ति प्रस्तुत गरेका हुन् ।

उनले भने, 'कोभिड महामारी, रुस-युक्रेन युद्ध र विश्व अर्थतन्त्रको शिथिलताजस्ता वाह्य कारण र आन्तरिक संरचनागत समस्याका कारण संकटग्रस्त अर्थतन्त्रमा देखा परेका समस्याहरूलाई समाधान गर्न सरकारद्वारा चालिएका कदमबाट केही क्षेत्रमा सकारात्मक नतिजा देखा परेको छ, तर पनि अर्थतन्त्रका संरचनागत र प्रणालीगत कमजोरी र नीतिगत त्रुटि सच्याउनु छ ।'

'अर्थतन्त्रको बाह्य क्षेत्र सुधारको क्रममा छ । तरलता संकुचनको स्थितिमा सुधार भएको छ । विदेशी मुद्रा सञ्चिति, विप्रेषण आप्रवाह, पर्यटन आगमन आदि क्षेत्रमा उत्साहजनक प्रगति छ । ब्याजदर घटिरहेको छ,' प्रचण्डले अगाडी थपे ।

सरकारी खर्चमा मितव्ययिता कायम गर्न अनावश्यक खर्च कटौती तथा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको कमी हुन नदिने गरी बजेटको पुनर्विन्यासको काम सुरु भइसकेको उनले बताए । खर्च नियन्त्रणका लागि अत्यावश्यक बाहेक मन्त्री र उच्च पदस्थ कर्मचारीहरूलाई विदेश भ्रमणमा रोक लगाइएको छ । बढ्दो व्यापार घाटालाई नियन्त्रण गरी निकासी प्रवर्द्धन तथा आयात व्यवस्थापनका लागि नयाँ नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनमा ल्याइएको छ ।

उक्त अवसरमा प्रधानमन्त्री दाहालले विश्वभरका हाम्रा कूटनीतिक र आर्थिक



नियोगहरूलाई वैदेशिक लगानीका लागि परिचालनको सुरुआत भइसकेको बताए । उनले सार्वजनिक सेवामा गुणस्तर देखिने गरी सुधार भएको पनि जनाए । राहदानी, राष्ट्रिय परिचय पत्र र सवारी चालक अनुमति पत्र, नो अब्जेक्सन लेटर लगायतका सेवाहरूमा जनताको कष्टपूर्ण लाइन पछिल्ला दिनमा निकै कम भएको पनि प्रधानमन्त्रीले जनाए ।

शोधनान्तर समस्यालाई दीगो रूपमा समाधान गर्न आन्तरिक उत्पादन वृद्धिको विकल्प नभएको बताउँदै अल्पकालीन र मध्यकालीन कदम चाल्न लागेको पनि उनले जनाए । कृषि, पशुपन्छीपालन र वनजन्य उत्पादन सम्बन्धि हालका कार्यक्रमको पुनर्संरचना र नयाँ कार्यक्रम कार्यान्वयन गरिँदै छ । लघु, साना, मझौला र ठूला उद्योगहरूको पूर्ण क्षमतामा सञ्चालन, लागत न्यूनीकरण र बजारीकरणमा सहयोग गरी औद्योगिक उत्पादन वृद्धिलाई प्रोत्साहन दिइँदै छ । पर्यटकको संख्या, बसाइ र खर्च बढाउन विशेष कार्यक्रम ल्याइँदै छ ।

गत आर्थिक वर्षमा झण्डै ३ खर्ब बराबरको शोधनान्तर घाटा र पूँजीगत खर्चमा न्यूनताले वित्तीय प्रणालीमा तरलता अभाव, उच्च ब्याजदर र कर्जा अभाव जस्ता समस्या जन्माएको जनाए । अब शोधनान्तर सकारात्मक भएसँगै तरलता र ब्याजदरमा पनि क्रमिक सुधार हुँदै छ । सहकारी संस्थाहरूका विकृति र विसंगतिको दीर्घकालीन समाधानका लागि तत्काल उच्चस्तरीय अध्ययन समिति गठन गर्नुका साथै समग्र लघुवित्त क्षेत्रमा नियामकीय सुधारका लागि नेपाल राष्ट्र बैंकले चाल्ने आवश्यक कदममा सरकारले आवश्यक सहयोग गरेको जनाए ।

# नेप्से परिसूचकमा दोहोरो अंकको वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २२ दशमलव ६५ अंकले उकालो लागेर एक हजार नौ सय ४९ दशमलव शून्य छ मा पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९७ अंकले उकालो लागेर तीन सय ६६ दशमलव २३ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ ।

कूल ५२ लाख ५५ हजार ८६ कित्ता सेयर रू एक अर्ब २९ करोड ८५ लाख ८३ हजार नौ सय ८८ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार कारोबारका आधारमा आइएमई जनरल इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रू सात करोड ६३ लाख ९२ हजार चार सय ४२ बराबरको कारोबार भयो ।

साथै एनआइसी एशियाको रू छ करोड १९ लाख ९५ हजार नौ सय २२, सिटिजन बैंकको संस्थापक सेयर रु पाँच करोड ८५ लाख २७ हजार एक सय, शिवम् सिमेन्ट रु चार करोड १३ लाख ७७ हजार पाँच सय दुई र हिमालयन डिस्टिलरी रु तीन करोड ४२ लाख ६२ हजार आठ सय २० बराबरको सेयर कारोबार भएको छ ।

सोमबार युनिक नेपाल लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । न्यादी हाइड्रोपावर सात दशमलब ७३,नयाँ सारथी लघुवित्त छ दशमलव १८, मानुषी लघुवित्त पाँच दशमलव ६७ र विन्दवासिनी हाइड्रोपावरको सेयर मूल्य चार दशमलव ७७ प्रतिशतले बढेको छ । साथै सपोर्ट माइक्रोफाइनान्स पाँच दशमलव ३६, स्वाभिमान लघुवित्त चार दशमलव ७२, सानिमा ग्रोथ स्किम चार दशमलव ४५, विन नेपाल लघुवित्त चार दशमलव शून्य आठ र लक्ष्मी इक्विटी फण्डको सेयर मूल्य तीन दशमलव ८५ प्रतिशतले घटेको छ ।

## ग्लोबलका ग्राहकलाई दराजबाट १ रूपैयाँमा सामसुङ ग्यालेक्सी एम ४ जित्ने मौका

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले दराजबाट १ रूपैयाँमा सामसुङ ग्यालेक्सी एम ४ मोबाइल फोन जित्ने योजना सार्वजनिक गरेको छ । यस योजनाअर्न्तगत बैंकका ग्राहकहरूले भिजा डेबिट/क्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइन भुक्तानी गरी मात्र १ रूपैंया खर्च गरेर सामसुङ ग्यालेक्सी एम ४ मोबाइल फोन जित्न सक्नेछन् । बैंकले दराज नेपालसँग सहकार्य गरी सार्वजनिक गरेको यो योजना २०७९ चैत्र ५ देखि ११ गते (तद्नुसार मार्च १९ देखि २५) सम्म ७ दिनका लागि मान्य रहनेछ ।




यस योजनाको अन्त्यमा, बैंकको डेबिट/क्रेडिट कार्डद्वारा दराजमा अनलाइनमार्फत १ रूपैयाँ भुक्तानी गर्ने र मोबाइल फोन खरिद गर्न चाहने कुल सहभागीहरूमध्ये १ जना भाग्यशाली विजेता छनोट गरिनेछ । छनोट भएका एक भाग्यशाली विजेताले १ रूपैयाँमै सामसुङ ग्यालेक्सी एम ४ मोबाइल फोन पाउनेछन् । बैंकको यो योजनाको मुख्य उद्देश्य अनलाइन कार्ड भुक्तानी (इ-कमर्श)लाई प्रवर्द्धन गर्नु हो । बैंकले आफ्ना ग्राहकको सुविधालाई मध्यनजर गरी समय-समयमा यस्ता योजनाहरू ल्याएर ग्राहकहरूलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । मुलुकको लगभग सबै वित्तीय सूचकांकहरूमा पहिलो बैंकले ३६४ शाखा कार्यालय, ३६३ एटिएम, ३२१ शाखा रहित बैंकिङ्ग सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ ।

# लक्ष्यअनुसार उठेन विमानस्थलमा राजस्व

**काठमाडौं (प्रस)–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा करिब रू १२ अर्ब भन्सार राजस्व संकलन गरेको छ । जुन लक्ष्यको ५९ दशमलव ०२ प्रतिशत हो ।

विमानस्थल भन्सार कार्यालयले चालु आवको फागुनसम्म रू १९ अर्ब ९५ करोड ५१ लाख ८१ हजार भन्सार उठाउने लक्ष्य लिएकोमा सो अवधिमा रू ११ अर्ब ७७ करोड ६६ लाख ३८ हजार ३४ बराबर राजस्व संकलन गरेको हो । कार्यालयले चालु आवमा रू ३० अर्ब ७२ करोड ३५ लाख ३२ हजार राजस्व संकलन गर्ने वार्षिक लक्ष्य लिएको छ । फागुनमा मात्रै रू दुई अर्ब ७३ करोड ५० लाख ६४ हजार बराबर राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रू एक अर्ब ७२ करोड ९४ लाख ४४ हजार मात्रै संकलन भएको कार्यालयको भनाइ छ । समीक्षा अवधिमा कार्यालयले सबैभन्दा बढी राजस्व मूल्य अभिवृद्धिकर शीर्षकमा उठाएको छ । उक्त शीर्षकमा कार्यालयले रू पाँच अर्ब ९१ करोड ९६ लाख ५५ हजार बराबर राजस्व उठाएको छ । साथै पैठारी (विदेशी वस्तुको आयात) शीर्षकमा रू चार अर्ब ६० करोड २४ लाख ४८ हजार र अन्तःशुल्क शीर्षकमा रू एक अर्ब १९ करोड २५ लाख ५७ हजार संकलन गरेको छ ।

**Galyang Municipality**
**Office of The Municipal Executive**
Galyang, Syangja

**Invitation for Sealed Quotation**

First Date of Publication: 2023/03/21 ( 2079/12/07)

1. Galyang Municipality invites electronic bids from eligible bidders for following procurement of works through Sealed Quotation .

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bid Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/ SQ/WORKS/ 14/2079/080 | Construction of Galyang-Guthi Black Topped Road | 37,500 | 2023/04/04 12.00 Hours | 2023/04/04 14.00 Hours | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bid Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

Chief Administrative Officer

**सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं ।**

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं ।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं ।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरूपमा हेर्ने गरौं ।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं ।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ